का.जि.प्र.का.द.नं. १००/०५९/६०

२५ चैत २०८०,
आइतबार
7 April 2024,
Sunday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २२, अंक ५४ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

उपचुनाव

# मैदानमा छैनन् महिला

इलाम-२ मा प्रतिनिधि सभा सदस्यका लागि २० जनाको उम्मेदवारी पर्दा महिला एक जना पनि छैनन् । बझाङ १ मा सुदूरपश्चिम प्रदेश सभा सदस्यका लागि १२ जनाको उम्मेदवारी दर्ता हुँदा एक जना महिला उम्मेदवार छन् ।



**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २४ चैत ।

इलाम २ बाट प्रतिनिधि सभा सदस्य हुन २० जनाले उम्मेदवारी दिएका छन् । तर, एक जना पनि महिला उम्मेदवार छैनन् ।

निर्वाचन आयोगका उपसचिव एवम सहायक प्रवक्ता राम दत्त पाण्डेयका अनुसार निर्वाचन कार्यतालिका अन्तर्गत शनिवार उम्मेदवारको मनोनयन दर्ता भएको छ । इलाम २ को उपनिर्वाचनका लागि १२ राजनीतिक दलबाट १२ जना र ८ जना स्वतन्त्र उम्मेदवार गरी जम्मा २० जनाको मनोनयनपत्र दर्ता भएको हो । मनोनयनपत्र दर्ता गर्ने २० जना सबै पुरूष रहेका छन् ।

बझाङ १ मा सुदूरपश्चिम प्रदेश सभा सदस्यका लागि १२ राजनीतिक दलबाट १२ जनाको मनोनयनपत्र दर्ता भएको छ । जसमध्ये १ जना महिला र ११ जना पुरूष रहेका छन् ।

२०७८ सालको जनगणना अनुसार नेपालमा महिलाको संख्या पुरुषको भन्दा बढी छ । ४८.९ प्रतिशत पुरुष र ५१.०४ प्रतिशत महिला छन् । तर, निर्वाचनमा भने महिला उम्मेदवारको संख्या न्युन हुँदै आएको छ ।

आगामी वैशाख १५ मा हुन लागेको उपनिर्वाचनमा पनि महिला उम्मेदवार इलाम २ मा शून्य हुन पुगेको छ ।

उम्मेदवारको मनोनयनपत्र दर्ता भई सूची प्रकाशन भएको छ । चैत २५ गते >>> पृष्ठ २ मा

## उपेन्द्र र बाबुराम एकैठाउँ !



उपनिर्वाचनमा जनता समाजवादी पार्टी (जसपा) अध्यक्ष उपेन्द्र यादव र नेपाल समाजवादी पार्टी (नेसपा)का अध्यक्ष बाबुराम भट्टराई एकै ठाउँ भएका छन् । दुवै नेता विगतमा एउटै पार्टीमा थिए । छुट्टिएर अगाडि बढिरहेका उनीहरु इलाम २ को उपनिर्वाचनमा एकै उम्मेदवारको पक्षमा उभिएका छन् ।

पहिचान पक्षधर समूहरु कोशी प्रदेशको नामाकरणको विषयलाई इलाम-२ को उपचुनावसँग जोडिरहेका छन् । पहिचान पक्षधरबाट डकेन्द्रसिंह थेगिम उम्मेदवार छन् । जसपा र नेसपाले डकेन्द्रसिंहलाई उम्मेदवार मानेका हुन् ।

इलाम २ मा नेपाली कांग्रेसले डम्बर खड्कालाई उम्मेदवार बनाएको छ । खड्का गत निर्वाचनमा एमालेका सुवास नेम्वाङसँग ११४ मतले पराजित भएका थिए । उनी कांग्रेस इलामका सभापति पनि हुन् ।

एमालेका उपाध्यक्ष एवं संविधान सभा अध्यक्ष सुवासचन्द्र नेम्वाङको गत भदौ २६ गते निधन भएपछि इलाम २ बाट प्रतिनिधि सभा सदस्यको पद रिक्त भएको थियो । त्यसक्षेत्रमा एमालेले उम्मेदवार नेम्वाङकै कान्छा छोरा सुहाङलाई बनाएको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले मिलन लिम्बुलाई उम्मेदवार बनाएको छ ।

## रोकिएन पूर्वराजाको सक्रियता

राजतन्त्र ढलेर मुलुक गणतन्त्रात्मक शासन व्यवस्थामा रुपान्तरित भएपछि केही वर्ष मौन रहेका पूर्वराजा ज्ञानेन्द्र शाह पछिल्लो दशक सक्रिय छन् । आफ्नो सक्रियता नरोकेका शाह घुमाउरो शैलीमा राजतन्त्र फर्काउने प्रस्ताव गरिरहेका छन् ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २४ चैत ।

शनिवार पूर्वराजा ज्ञानेन्द्र शाहले जुम्लाको खलंगामा भएको नागरिक अभिनन्दन कार्यक्रमलाई सम्बोधन गरे । त्यसक्रममा उनले राष्ट्रको पुरानो गौरव फर्काउनका लागि जुट्न नागरिकहरुमा आह्वान गरेका छन् । तर, राष्ट्रको पुरानो गौरव भनेको के हो विस्तृत ब्याख्या गरेनन् ।

राजतन्त्र ढलेर मुलुक गणतन्त्रात्मक शासन व्यवस्थामा रुपान्तरित भएपछि केही वर्ष मोन रहेका पूर्वराजा शाह पछिल्लो दशक सक्रिय छन् । आफ्नो सक्रियता नरोकेका शाह घुमाउरो शैलीमा राजतन्त्र फर्काउने प्रस्ताव गरिरहेका छन् । शनिवारको उनको अभिव्यक्ति पनि त्यही भएको बताइन्छ ।



परिवर्तन साँच्चै पीडादायी भए पनि सधैं आवश्यक हुन्छ । याद होस्- संसारको पांग्रा सधैं आफ्नो गतिमा चलिरहेको हुन्छ । यो संसारमा जे आउँछ त्यो रहँदैन र जाने कुरा हराउँदैन ।

**■ ज्ञानेन्द्र शाह**
**पूर्वराजा**

'आज देश कता जाँदैछ, तपाईंहरुलाई थाहै छ । हाम्रो अपार सम्पदा हुँदाहुँदै पनि हामी परनिर्भरतातिर गइरहेका छौं । आफ्नै भूगर्भभित्र अथाह धन धान्य छ तर खानका लागि काम खोज्न हामी भौतारिइराखेका छौं । कालीकोट, मुगु, हुम्ला, डोल्पा र यहाँ के छैन ? तर खै ? त्यसैले म भन्छु- अब हामी राष्ट्रको पुरानो गौरव फर्काउनका लागि जुटौं, देश बनाउनका लागि उठौं र हामी हाम्रै पाखुराको बलमा अघि बढ्न कम्मर कसौं' पूर्वराजा ज्ञानेन्द्र शाहले भनेका छन् ।

उनले परिवर्तन पीडादायी भए पनि सधैं आवश्यक हुने बताए । 'परिवर्तन साँच्चै पीडादायी भए पनि सधैं आवश्यक हुन्छ । >>> पृष्ठ २ मा




वैदेशिक रोजगार विशेष

# सहकारी ठगीमा श्रममन्त्रीको बचाउ

राष्ट्रिय स्वतन्त्र पार्टी क्षेत्र नम्बर ५ काठमाडौंले आउँदै गरेको नयाँ वर्षको अवसरमा शनिबार आयोजना गरेको शुभकामना आदान प्रदान कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री अर्यालले बजारमा हल्ला फिजाइएजस्तो गरी सहकारी ठगीमा आफनो कुनै भूमिका नरहेको दाबी गरे ।

**मध्यान्ह संवाददाता**
काठमाडौं, २४ चैत

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री एवम् राष्ट्रिय स्वतन्त्र पार्टीका उपसभापति डोल प्रसाद अर्यालले सहकारी ठगीमा आफनो कुनै पनि संलग्नता नरहेको भन्दै बचाउ गरेका छन् । केही दिनयता सार्वजनिक सञ्चारका माध्यमबाट मन्त्री अर्याल पार्टीका अन्य नेताहरूसँगै सहकारीको रकम अपचलनमा संलग्न रहेको दाबीसहित समाचार सार्वजनिक भएका छन् ।

राष्ट्रिय स्वतन्त्र पार्टी क्षेत्र नम्बर ५ काठमाडौंले आउँदै गरेको नयाँ वर्षको अवसरमा शनिबार आयोजना गरेको शुभकामना आदान प्रदान कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री अर्यालले बजारमा हल्ला फिजाइएजस्तो गरी सहकारी ठगीमा आफनो कुनै भूमिका नरहेको दाबी गरे ।

उनले भने, '२०७८ सालमा म सो सहकारीको उपाध्यक्ष थिएँ । तर मेरो कार्ययोजना र सहकारी सञ्चालकसँगका बिचार मेल खान नसकेपछि मैले २०७८ साल पुस ११ गते नै राजीनामा दिएको हो, सरकारले समस्याग्रस्त घोषणा गरेको हाम्रो नयाँ कृषि सहकारीमा अहिले मेरो कुनै संलग्नता नभएको स्पष्ट गर्न चाहन्छु ।'

एक करोड लगानी गर्ने योजना बनाइ पहिलो किस्ता स्वरुप २३ लाख रुपैयाँ लगानी गरेको सार्वजनिक गर्दै मन्त्री अर्यालले सहकारीबाट आफ्नो उक्त रकम अहिलेसम्म फिर्ता नपाएको दाबी गरे ।

सहकारीको उपाध्यक्ष नियुक्त भएदेखि राजीनामा दिएसम्मको अवधिमा आफूले कुनै पनि कारोबार नगरेको दाबी गर्दै श्रममन्त्री अर्यालले सहकारीका रजिष्ट्रारको रोहबरमा नै आफूले उपाध्यक्ष पदबाट राजीनामा दिएकाले बदमासीको गुञ्जायस नरहेकोसमेत दाबी गरे । मन्त्री अर्यालले आफूले ठगी नगरेको भन्दैमा कुनै कालखण्डमा सहकारीमा आवद्ध भएकै कारण ठग हो भन्ने कसैलाई छुट नहुने जिकिर गरे । उनले आरोप लगाउनु पूर्व एक पटक अध्ययन गरेर मात्रै लेख्न र बोल्न सञ्चारकर्मीहरूसँग आग्रह गरेको उनको निजी सचिवालयले जनाएको छ ।

## गणतान्त्रिक मञ्चको वनभोज कार्यक्रम सम्पन्न




**भक्तपुर/मस-** वैदेशिक रोजगार व्यवसायीहरूको व्यापक उपस्थितिमा वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चले भक्तपुरको घ्याम्पेडाँडामा वनभोज कार्यक्रम सम्पन्न गरेको छ । मञ्चका अध्यक्ष धनलाल जैसीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा गणतन्त्रिक मञ्चका इञ्चार्ज, नेकपा माओबादीका केन्द्रीय सदस्य तथा पूर्वमन्त्री रामेश्वर राय यादवले मञ्चले आयोजना गरेको वनभोज कार्यक्रमले मनोरञ्जन, आपसमा भाइचारा सम्बन्ध र सद्भाव कायम गर्ने भन्दै आयोजक मञ्चलाई धन्यवाद दिए ।

व्यवसायी एकता र सद्भावका लागि प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले समेत सद्भाव र शुभकामना दिएको उनले जानकारी दिए । >>> पृष्ठ २ मा

# नेपाली भूमिमा भारतले बनाउँदै छ अस्पताल

नेपालको अतिक्रमित भूमि गुञ्जीको मनिलामा भारतको उतराखण्ड सरकारले प्राइमरी हेल्थ केयर सेन्टर निर्माण गरिरहेको पाइएको छ । तर सूचना नरहेको भनि स्थानीय प्रशासनले अनभिज्ञता प्रकट गरेको छ ।



भारतको उतराखण्ड सरकारको स्वास्थ्य विभागले तीन करोड ८९ लाख भारुको लागतमा एउटा प्राइमरी हेल्थ केयर सेन्टर निर्माण गरिरहेको छ । त्यसको निर्माण कार्य २० प्रतिशत पूरा भइसकेको छ ।

**मदन कुमारी शाह**
**सांसद**
**नेकपा एकीकृत समाजवादी**

**शिव विक/मध्यान्ह**
काठमाडौं, २४ चैत ।

नेपाली भूमिमा भारतले प्राइमरी हेल्थ केयर सेन्टर निर्माण गरिरहेको पाइएको छ । दार्चुलाको गुञ्जीको मनिला भन्ने ठाउँमा भारतको उतराखण्ड सरकारले प्राइमरी हेल्थ केयर सेन्टर निर्माण गरिरहेको छ । तर, यसबारे सूचना नरहेको भनी स्थानीय प्रशासनले अनविज्ञता प्रकट गरेको छ ।

नेकपा एकीकृत समाजवादीका सांसद मदन कुमारी शाह (गरिमा)का अनुसार नेपालको अतिक्रमित भूमि गुञ्जीको मनिला भन्ने ठाउँमा भारतको उतराखण्ड सरकारको स्वास्थ्य विभागले तीन करोड ८९ लाख भारुको लागतमा एउटा प्राइमरी हेल्थ केयर सेन्टर निर्माण गरिरहेको हो । त्यसको निर्माण कार्य २० प्रतिशत पूरा भइसकेको सूचना रहेको सांसद शाहले बताएकी छन् ।

यो सूचना गत बिहीबार उनले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई दिएकी थिइन् । बिहीबार सिंहदरवारमा बसेको राष्ट्रिय सभाको सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिको बैठकमा उनले प्रधानमन्त्री प्रचण्डलाई यस्तो सूचना दिएकी हुन् । तर, दार्चुलाका प्रमुख जिल्ला अधिकारी यज्ञराज जोशी आफूलाई यसप्रकारको सूचना नरहेको बताउँछन् ।

'सूचना आएको छैन । यसबारे भोलि (आइतबार) बुझ्छु' प्रमुख जिल्ला अधिकारी जोशीले मध्यान्हसँग भने ।

भारतले गुञ्जीमा ७५ करोड भारुको लागतमा एउटा शिव कैलाश धाम बनाउँदैछ । त्यसको सिल्यान्यास भर्चुअल माध्यमबाट भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले गरेका थिए । नेपाली भूमिमा भारतले शिव कैलाश धाम बनाएका भनी कतिपयले विरोध गरेता पनि सरकारले यसमा कुनै प्रतिक्रिया जनाएको छैन ।

गुञ्जीको मनिलामा भारतको उतराखण्ड सरकारले बनाइरहेको प्राइमरी हेल्थ केयर सेन्टरका सम्बन्धमा सरकारले कुनै प्रतिक्रिया जनाएको छैन भने सूचना पनि नरहेको बताएको छ । नेपालले आफ्नो भूभाग भनी आफ्नो नक्सामा समेटेको छ । तर, भारतको भोग रहेकाले त्यस क्षेत्रका हुने कार्य रोक्नका लागि संघीय सरकारले प्रभावकारी भूमिका चाल्नुपर्ने सरोकारवालाहरु बताउँछन् । ७ जेठ ०७७ मा मन्त्रिपरिषद्को >>> पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
२५ चैत २०८०, आइतबार
7 April 2024, Sunday

# सबैको मन लोभ्याउने बडीमालिका

**कमल कुमाल/मध्यान्ह**
कालीकोट, २४ चैत



कर्णाली प्रदेश र सुदूरपश्चिमको एउटा टुक्रा बडिमालिका प्रकृतिको उपहार नै हो । कर्णाली प्रदेश तथा सुदूरपश्चिमका कुना-कुनामा प्रकृतिको विचित्र कला लुकेको छ। यहाँको सुन्दरता र जीवनशैलीलाई बुझ्न बडीमालिका पुग्न आवश्यक छ । समृन्द्री सतहबाट करिब ४ हजार २ सय १९ मिटर उचाइमा रहेको बडीमालिका प्राकृतिक सुन्दरताको हिसाबले पनि अनुपम मानिन्छ ।

त्रिवेणी पाटन वरपरका थुम्काहरुमध्ये सबैभन्दा पश्चिमपट्टीको थुम्कामा बडीमालिका मन्दिर रहेको छ । जहाँ जनै पूर्णिमामा मेला लाग्छ। जनै पूर्णिमाकै बेला कर्णाली र सुदूरपश्चिमलगायतका विभिन्न जिल्लाका आन्तरिक पर्यटकलगायत अन्य तिर्थालु आउने गर्दछन् ।

बडीमालिका मन्दिरमा दर्शन गरेपछि आफ्नो मनोकांक्षा पूरा हुने जनविश्वस छ । मन्दिरबाट देखिने सैपाल हिमालको मनोरम दृश्यले यहाँको सौन्दर्यलाई झनै तिखारेको छ। बडीमालिकामा जेठमा पर्ने गंगा दशहराका दिनमा सरकारी पूजा हुने गरेको छ। बडीमालिका माईको दर्शन गर्न अछाम, बाजुरा र कालीकोटका जिल्ला भएर बडीमालिका जाने गरिन्छ । पूजा गर्न गएका तिर्थालुहरु एकदिन त्रिवेणीमा बास बस्ने गर्छन् ।

बडीमालिका क्षेत्रको धार्मिक मात्र नभइ जैविक विविधता, वन्यजन्तु, जडिबुटी तथा वातावरणीय दृष्टीकोणले पनि उत्तिकै महत्व रहेको छ । पर्यटनकीय सम्भावना बोकेका २२ पाटन, त्रिवेणी, नाटेश्वरी बडीमालिकाका धरोहरका रुपमा परिचत छन् ।

### इतिहास र अन्धविश्वास

परापूर्वकालमा भगवती र महिषासुर दैत्यविच घमासान युद्ध भयो । अन्त्यमा महिषासुरको बध गरिसकेपछि कालीकोटको द्वारेढुंगा भन्ने ठाउँमा भगवतीले विश्राम गरेकी थिइन्। त्यही बेला द्वारेढुंगामा एक जना दाउरा खोज्न गएका 'दलित'ले भोकले व्याकुल भइ देवीसँग बहरको मासु र हिया गहुँको रोटी मागेछन्। देवीले सो दलितको मनोरथ पूरा गरिदिइन्। दलित पूरै बहरलाई एक्लै खान नसक्ने भएकाले उसले आफ्नो घरका मान्छेलाई बोलाउन थाल्यो । तर घर टाढा भएका कारणले उसले बोलाएका कसैले सुनेनन्। त्यसपछि दलितलाई रिस उठ्यो, उसले भगवतीलाई भन्यो, 'हे, परमेश्वरी मेरा घरका सबै मान्छे मरुन् ।'

देवीले उसको इच्छा पनि पूरा गरिदिइन्। त्यसपछि बहरको मासु लिएर घर जाँदा उसले घरका सबै सदस्य मरेको देख्यो । दलित फेरि रिसाएर द्वारेढुंगा पुग्यो। देवी उसलाई देखेर ढोका बन्द गरी त्यहाँबाट भागिन्। दलितले बहरको फिलाले देवीको घरमा हानेको छाप अझै पनि द्वारेढुंगामा देख्न सकिने मान्यता छ ।

त्यस दिनपछि देवी सधैंका लागि त्यो ठाउँ छोडेर त्रिवेणी, पञ्चपरी पाटन, मल्लपुरी पाटन हुँदै बडीमालिकामा गएर बसिन्। त्यसैले बडिमालिकामा दलितहरु आजसम्म नगएको कथन छ । अझै पनि दलित समुदायको मान्छे जानु हुँदैन र गएको केही दिनमै मृत्यु हुन्छ भन्ने अन्धविश्वस छ। तर पछिल्लो सयम धेरै दलित समुदायका मानिसहरु बडीमालिका पुगेर दर्शन गरेका छन् ।

# कानूनमा सबै क्षेत्रको सुझाव समेट्न डिजिटल प्लेटफर्म तयार गर्दैछौं : मन्त्री गिरी



**काठमाडौं/मस-** कानून, न्याय तथा संसदीय मामिलामन्त्री पदम गिरीले विद्यमान ऐन, नियम तथा कानूनमाथि सबै क्षेत्र तथा नागरिकको सुझाव समेट्नका लागि मन्त्रालयले 'डिजिटल प्लेटफर्म' निर्माण गर्न लागेको बताएका छन् ।

शनिबार आयोजित नेपाल वितरक महासंघको १२औं वार्षिक साधारण सभा कार्यक्रममा बोल्दै मन्त्री गिरीले कानूनमा भएका व्यवस्थाका कारण कुनै पनि क्षेत्रलाई काम गर्न अप्ठ्यारो नहोस् भनेर सुझाव लिने संयन्त्र तयार पारिने बताए ।

'देशभित्र भएका नागरिकले जुनसुकै पेसा व्यवसाय अँगाल्दा कुनै ऐन अथवा कानूनले समस्या पारेको भए त्यसलाई सहज बनाउन राज्यको दायित्व हो । कानूनी बाधाका कारण कसैलाई अवसर सिर्जना भएनन् र अप्ठ्यारो पारेकम छ भने सुझाव दिन मन्त्रालयले डिजिटल प्लेटफर्म बनाउन लागेको छ,' मन्त्री गिरीले भने, 'यसरी विभिन्न क्षेत्रबाट आएका सुझाव वर्गीकरण गरेर विद्यमान कानूनमा संशोधन तथा नयाँ कानून निर्माण गर्न सम्बन्धित मन्त्रालयसँग छलफल गर्छौं ।'

नेपाल वितरक महासंघका अध्यक्ष हरिराज पन्तले विभिन्न कम्पनीबाट उत्पादित तथा आयातीत वस्तुलाई उपभोक्तासम्म पुऱ्याउने काम वितरकले गरिरहेका भए पनि विद्यमान वाणिज्य ऐनमा यस सम्बन्धी व्यवस्था नरहेको बताए ।

'वितरकहरु विभिन्न ४२ जिल्लामा संगठित नै भएर काम गरिरहेका छन् । नेपालको अर्थतन्त्रमा टेवा पुऱ्याउँदै आएको यो क्षेत्रलाई कानूनले भने चिन्दैन,' अध्यक्ष पन्तले भने, 'विद्यमान वाणिज्य ऐनमा वितरकसम्बन्धी व्यवस्था नभएका कारण यो व्यवसायमा आबद्ध भएकाहरुले विभिन्न समस्या भोग्नु परेको छ । अवैधानिक भनेर जरिवाना तिर्नुपर्ने अवस्था छ । ढुवानीका सवारी साधन व्यवस्थापनमा उस्तै समस्या छ ।' यस क्षेत्रका व्यवसायीप्रति राज्यले हेर्ने नजर सकारात्मक नरहेको उनको गुनासो छ ।

# जुम्लाको चुकेनी जलविद्युत पावर हाउसमा बल्यो बिजुली



**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, चैत २४

जुम्लामा नौ सय ९८ किलोवाटको चुकेनी जलविद्युत आयोजना निर्माणकार्य अन्तिम चरणमा पुगेको छ। बिजुलीको अभाव खेप्दै आएको जुम्लालाई उज्यालो बनाउन पातारासी गाउँपालिकामा निर्माण हुँदै गरेको चुकेनी जलविद्युत सहकारी संस्थाबाट सञ्चालित आयोजनाको निर्माणकार्य अन्तिम चरणमा पुगेको हो ।

त्यस्तै, चुकेनी जलविद्युत सहकारी संस्थाका अध्यक्ष गोरबहादुर रावतकाअनुसार निर्माणकार्य करिब अन्तिम चरणमा पुगेर पावर हाउसमा बिजुली बलेको छ। 'जलविद्युतको काम अब अन्तिम चरणमा पुगेको छ, पातारासी गाउँपालिकासहित जुम्ला सदरमुकामसम्म बिजुली पुऱ्याउने यसको लक्ष्य हो', उनले भने। उनकाअनुसार वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको ६० प्रतिशत, पातारासी गाउँपालिकाका स्थानीय नागरिक तथा पातारासी गाउँपालिकाको शेयर लगानीमा उत्पादन भएको करिब एक मेगावाटको बिजुली जुम्लाको अहिलेसम्मको ठूलो आयोजना हो ।

अध्यक्ष रावतकाअनुसार आयोजनामा वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको अनुदान २८ करोड ४४ लाख ३० हजार र स्थानीयको शेयर लगानी ११ करोड गरी ३९ करोड ४४ लाख ३० हजार लगानी रहेको छ। साथै मूल्य अभिवृद्धि करसहित भने ४४ करोड ४४ लाख ३३ हजार पुगेको छ। अध्यक्ष रावतकाअनुसार आयोजनामा छ करोड बैंकको कर्जा लगानी, स्थानीय नागरिकको शेयर दुई करोड ५० लाख, गाउँपालिकाको एक करोड र कर्णाली प्रदेश सरकारको एक करोड लगानी रहेको छ ।

आयोजना निर्माणको जिम्मेवारी फेवा कन्सल्टेन्ट बुटवलको रहेको नवीकरणीय उर्जाका लागि जीविकोपार्जन परियोजनाका फिल्ड संयोजक पृथ्वी शाहीले जानकारी दिए। साथै उनले बिजुली बाल्नका लागि निर्माण कम्पनी मेघा हाईड्रो ईन्जिनियरिङ कम्पनी बुटवलले काम गरिरहेको उनले बताए ।

निर्माणकार्य भइरहेको विद्युत गृहभित्रको म्यानुअल सिस्टमको कार्य सम्पन्न भई पावर हाउसमा बिजुली बलेको उनले बताए। अब केही दिनमा अटोमेटिक सिष्टम शुरु हुने र त्यसपछि बजार क्षेत्रमा बिजुली वितरणको काम गर्ने तयारी भएको उनको भनाइ छ ।

विद्युत आयोजना निर्माणकार्य अन्तिम चरण पुगेकोले जुम्लाबासी बिजुली बाल्ने सपना छिट्टै पूरा हुने प्रतिक्षामा छन्। विद्युत आयोजनाको विषयमा पहल गर्ने पूर्व कानुनमन्त्री नरेश भण्डारीले चुकेनीले जुम्ला उज्यालो बनाउने ठुलो सपना भएको बताए। 'प्रतिक्षाको घडी सकिन लागेको छ, केही प्राविधिक काम सकिएपछि यो आयोजना पूर्णरुपमा संचालनमा आउँछ', उनले भने, 'बिजुलीको लाईन जुम्ला सदरमुकामसम्म पुऱ्याउनका लागि सबै संरचना बनेको छ, यसको लागि भारतको पिएलसी कम्पनीबाट प्राविधिक बोलाइएको छ', उनले भने ।

# नि:शुल्क आँखा शिविरमा १६० जनाले गराए आँखा परीक्षण




**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २४ चैत

रौतहटको सदरमुकाम गौरबाट प्रकाशित हुँदै आएको मधेश भूमि दैनिक पत्रिकाको पहिलो वार्षिकोत्सवको अवसरमा नि:शुल्क आँखा शिविर आयोजना गरिएको छ। नेपाल नेत्र ज्योति संघ र गौर आँखा अस्पताल पुरेनवाको प्राविधिक सहयोगमा नि:शुल्क आँखा शिविर सञ्चालन गरिएको हो ।

शिविरमा ८३ जना पुरुष र ७७ जना महिला गरेर १६० जनाले आँखाको परीक्षण गराएका छन् । गौर आँखा अस्पताल आँखा स्वास्थ्य शिक्षा इकाइका कार्यक्रम संयोजक सत्येन्द्र पाण्डेले ३७ जनालाई चस्मा र ६२ जनालाई औषधि नि:शुल्करुपमा वितरण गरिएको जानकारी दिए ।

गौर नगरपालिका वडा नम्वर ३ स्थित गौर एकेडमीमा आयोजित कार्यक्रममा प्रमुख अतिथि प्रदेश सभा सदस्य नागेन्द्र साहले मधेश भूमि दैनिकलाई शुभकामना व्यक्त गरे । साहले पत्रकारिता जहिले पनि इमान्दारिताका साथ गर्नुपर्ने बताउँदै कसैप्रति पूर्वाग्रही नभइ जनताप्रति उत्तरदायी भएर कलम चलाउन आग्रह गरे ।

यस्तै कार्यक्रममा युवा नेता विकास कुमार यादवले आवजविहीनको आवजका रुपमा सञ्चारजगत हुनुपर्ने धारणा राख्दै सञ्चार क्षेत्रले खेलेको भूमिकाको उच्च प्रशंसा गर्दै यहाँले समाज सुधारको पक्षमा सशक्त भएर अघि बढ्न सुझाव दिए ।

यसैगरी कार्यक्रममा नेपाली कांग्रेस नगर समिति अध्यक्ष मोहन यादवले सत्य, तथ्य र निष्पक्ष समाचार सम्प्रेषण गर्न आग्रह गरे । यस्तै प्रेस चौतारी रौतहटका अध्यक्ष उत्तम कुमार उपाध्याय, पत्रकार प्रभात कुमार झासहितका सञ्चारकर्मीहरुले मधेश भूमि पत्रिकाको सफलताको शुभकामना व्यक्त गरे। मधेश भूमिकी प्रकाशक शिलाकुमारीको सभापतित्वमा सम्पन्न भएको सो कार्यक्रमको सञ्चालन सञ्चारकर्मी दिनेश संगमले गरेका थिए ।

# स्वास्थ्य बीमाको अवधारणा सरकारलाई बुझाउन सकिएन : महामन्त्री थापा



**काठमाडौं/मस-** नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले स्वास्थ्य बीमाको अवधारणा सरकारलाई बुझाउन नसकिएको बताएका छन् । परिवर्तन नेपाल अभियानले शनिबार आयोजना गरेको नि:शुल्क स्वास्थ्य शिविर कार्यक्रममा उनले विसं २०७३ मा तयार पारिएको स्वास्थ्य बीमा कार्यक्रमको अवधारणा आम नागरिक र सरकारलाई बुझाउन नसकिएको बताएका हुन् ।

'स्वास्थ्य बीमाको कार्यक्रम सरकार र आम जनतालाई बुझाउन नसक्दा उपचारकै निमित्त आम नागरिक घरबारविहीन हुने अवस्था सिर्जना भएको छ, विदेशमा दुःख गरेर कमाएको रकम घरपरिवारको स्वास्थ्योपचारमा खर्च गर्नुपर्ने अवस्था आएको छ,' उनले भने ।

पूर्वस्वास्थ्यमन्त्री थापाले स्वास्थ्य बीमा अभियान सबै नेपालीलाई अनिवार्य गर्ने र कुनै रोग लागेमा त्यसैबाट खर्च गर्ने व्यवस्था मिलाउनुपर्ने उल्लेख गरे। घातक रोग लागेपछि उपचार गराउनकै लागि नागरिकले सबै सम्पत्ति गुमाउनुपर्ने अवस्था रोकिनुपर्ने उनको भनाइ थियो ।

नेपाली कांग्रेस काठमाडौंका सभापति कृष्ण सबुज बानियाँले स्वास्थ्य शिविर गाउँगाउँसम्म लैजान आवश्यक रहेको बताए । उनले जनतामा स्वास्थ्यसम्बन्धी चेतना फैलाउनु जरुरी रहेको उल्लेख गरे ।

परिवर्तन अभियान नेपालका अध्यक्ष सुशील भट्टले अभियानले विभिन्न सामाजिक क्षेत्रमा काम गरिरहेको उल्लेख गरे । सो अवसरमा तारकेश्वर नगरपालिकाकी उपप्रमुख सिर्जना बुर्लाकोटी अर्याल, काठमाडौं महानगरपालिका वडा नं २६ का वडाध्यक्ष ख्यामराज तिवारीलगायतको सहभागिता रहेको थियो ।

# दशनामीले सुनसरीका १२ वटै स्थानीय तहमा संगठन विस्तार गर्ने



**तेज बन/मध्यान्ह**
इटहरी, २४ चैत

नेपाल दशनामी समाजले सुनसरीका १२ वटै स्थानीय तहमा संगठन विस्तार गर्ने भएको छ । सुनसरीको इटहरी-२० तरहरास्थित रुद्राक्ष पार्टी प्यालेसमा आयोजित समाजको वार्षिक साधारण सभासँगै एकदिने नेतृत्व तथा व्यक्तित्व विकास तालिममा वक्ताहरुले संगठन विस्तारमा जोड दिएका हुन् ।

कार्यक्रमका प्रमुख अतिथि नेपाल दशनामी समाजका केन्द्रीय उपाध्यक्ष तेज बहादुर पुरीले अन्य जातीय संगठनको तुलनामा दशनामी थोरै संख्यामा भएपनि उत्कृष्ट र अब्बल रहेको बताए । सामाजिकलगायत विभिन्न क्षेत्रमा सक्रिय देखिए पनि संगठन विस्तार भने न्यून रहेको उनले बताए । उनले देशभर कूल १ लाख ९८ हजार ८ सय ४९ दशनामी सदस्यहरु रहेको बताउँदै समाजले इटहरीमा नौलो र उदाहरणीय कार्यक्रम गरेको बताए ।

त्यस्तै कार्यक्रममा समाजका केन्द्रीय कार्यवाहक महासचिव अशोक गिरीले समाज परिवर्तनदेखि मुलुकमा लोकतन्त्र स्थापनामा दशनामीले महत्वपूर्ण भूमिका निर्वाह गरेको उल्लेख गरे। दशनामी संख्यामा थोरै भएपनि सामाजिकलगायत विभिन्न क्षेत्रमा अब्बल रहेको उनले उल्लेख गरे ।

कार्यक्रममा अध्यक्ष गोविन्द पुरीले आफ्नो कार्यकालमा वर्षभरि गरेको प्रगति विवरण पेस गरे । उनले आफ्नो नेतृत्वमा जिल्ला समिति गठनपश्चात एक वर्षमा १९ वटा विभिन्न महत्वपूर्ण कार्यक्रमहरु गरेको बताए । अध्यक्ष पुरीले अबको १ वर्षभित्र सुनसरीका १२ वटै स्थानीय तहमा दशनामी समाजको संगठन विस्तार गरी विभिन्न सीपमूलक तालिमहरु आयोजना गर्ने योजना रहेको सुनाए ।

त्यस्तै कार्यक्रममा समाजका सुनसरी कोषाध्यक्ष भुपराज गिरीले संस्थाले वर्षभरि गरेको आर्थिक विवरण पेस गरेका थिए। संस्थाले एक वर्षको अवधिमा सबै खर्च कटाएर कूल २ लाख २३ हजार ५ सय ५० रुपैयाँ मुनाफा गरेको कोषाध्यक्षको आर्थिक प्रतिवेदनमा उल्लेख छ ।

कार्यक्रममा सामाजिक अभियान्ता तथा सहकारीकर्मी टिकादत्त बनले नेतृत्व कसरी लिने र पाएको जिम्मेवारीलाई सहज ढंगले कसरी निर्वाह गर्नेजस्ता उपयोगी प्रशिक्षण दिएका थिए । उनले पछिल्लो समयमा वित्तीय क्षेत्रमा देखिएका समस्या र समाधानका उपायहरुसहित उद्यमशीलता र संगठनात्मक क्षमता अभिवृद्धि तालिम प्रदान गरेका थिए ।

त्यस्तै कार्यक्रममा प्रमुख प्रशिक्षक डा. तारा प्रसाद गिरीले युवा वर्गलाई लक्षित गरी प्रेरणादायी भनाइहरुसहित व्यक्तित्व विकाससम्बन्धी तालिम दिएका थिए । उनले देशको पछिल्लो राजनीतिक अवस्थाका कारण युवाहरूमा निराशा बढेको र दैनिक रोजगारीको खोजीमा विदेशिनुपरेको तितो यथार्थ सुनाए । उनले युवाहरूलाई प्रेरणा मिल्ने गरी व्याक्तित्व विकासबारे प्रशिक्षण दिएका थिए। नसमाज सुनसरीका सचिव राजन कुमार बनले सञ्चालन गरेको कार्यक्रममा दशनामीका करिब ४ सय युवा तथा सदस्यहरुको उपस्थिति रहेको थियो ।

## उपचुनाव...

उम्मेदवारको विरोधमा उजुरी दिने, चैत २६ गते मनोनयनपत्र र उजुरी उपर जाँचबुझ गर्ने र उम्मेदवारको नामावली प्रकाशन गर्ने तालिका छ ।

चैत २७ गते उम्मेदवारको नाम फिर्ता लिने र उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने तथा उम्मेदवारलाई निर्वाचन चिह्न वितरण गर्ने कार्यक्रम रहेको छ । २८ चैतदेखि १२ वैशाखसम्म प्रचारप्रसारको समय छ भने १५ वैशाखमा मतदान हुनेछ ।

## रोकिएन...

याद होस्- संसारको पांग्रा सधैं आफ्नो गतिमा चलिरहेको हुन्छ । यो संसारमा जे आउँछ त्यो रहँदैन र जाने कुरा हराउँदैन ।'

अब नयाँ संवाद, नयाँ समझदारी र नयाँ सम्झौतातर्फ जनमत बढ्दै गइरहेको उनको दाबी छ। शाहले भनेका छन्, 'अब सुध्रौं, अब चेतौं र सबैले सबैलाई सम्झेर राष्ट्रिय सोच बनाउँ, मार्ग सुधार गरौं, नयाँ समझदारी, नयाँ संवाद, नयाँ वार्तालाभ, सर्वपक्षीय नयाँ सम्मेलन र नयाँ सम्झौताको निष्कर्ष निकालौं भन्ने जनमत बढ्दै गइरहेको हाम्रो अनुभव छ।' अर्थात, कुटनीतिक रुपमा उनी राजतन्त्र फर्काउने कुरा गरिरहेका छन् ।

## गणतान्त्रिक...

उनले मुलुकको अर्थतन्त्रमा वैदेशिक रोजगार व्यवसायीले दिएको योगदान राज्यले बिर्सन नहुने बताए। सरकारले रोजगार दिन नसकेका कारण बेरोजगार अवस्थामा रहेका युवायुवतीलाई वैदेशिक रोजगारव्यवसायीले विदेशमा भएपनि रोजगारी उपलब्ध गराएर सरकारलाई ठूलो सहयोग गरेको उनले बताए ।

पूर्वमन्त्री यादवले आफू मन्त्री हुँदा इजाजतपत्र नवीकरणका लागि बाध्यकारी प्रावधानको रूपमा रहेको वार्षिक सय जना कामदार पठाउनुपर्ने बाध्यता हटाएर व्यवसायीको मुहार उज्यालो बनाएको भन्दै जुनसुकै पार्टीमा आस्था राख्ने भएपनि व्यवसायीहरू एकले अर्कोलाई थिचोमिचो नगर्ने र एकले अर्कोलाई सघाउने सोचले काम गर्नुपर्ने सुझाव दिए ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारीले संघले व्यवसायीका समस्या समाधानका लागि काम गरिरहेको भन्दै व्यवसायीका सबै संघसंस्थाबीच आपसी एकता बलियो हुनुपर्ने बताए। मञ्चका अध्यक्ष जैसीले मञ्च व्यवसायीका हक अधिकारका मुद्दामा सधैं उभिने, तर संघले बाटो बिराए खबरदारी गर्ने बताए ।

मञ्चका महासचिव कुन्छा दोर्जे दिमदोङले सञ्चालन गरेको कार्यक्रममा गीतकार तथा संगीतकार फुल कुमार बम्जन, लोक गायक श्याम रानामगर, गायिका सुमन थापा, संगीता सारू मगरलगायतका कलाकारले नेपालका विभिन्न भेग र क्षेत्रमा गाइने लोकगीत, लोक दोहोरी र आधुनिक गीतका विविध प्रस्तुति दिएर कार्यक्रमलाई मनोरञ्जनात्मक बनाएका थिए ।

कार्यक्रममा संघका पूर्वअध्यक्ष दिल प्रसाद पोखरेल, प्रेमबहादुर कटुवाल, नेपाली कांग्रेसकी केन्द्रीय सदस्य तथा महिला व्यवसायी सिता देवकोटा, प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालका अध्यक्ष जनक रावल, वैदेशिक रोजगार व्यवसायी एकता समितिका अध्यक्ष हरि बहादुर पाण्डे क्षेत्री, नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनका पूर्वअध्यक्ष नरेन्द्र ढकाल, संघका कार्यसमितिका पदाधिकारी तथा सदस्यहरू, एशोसिएसन तथा मञ्चका वर्तमान पदाधिकारीहरु, पत्रकारहरुका साथै करिब ४ सय जनाको हाराहारीमा उपस्थिति रहेको वनभोज कार्यक्रमका संयोजक केदारनाथ अधिकारीले जानकारी दिए ।

## नेपाली...

निर्णयअनुसार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले कालापानीदेखि लिम्पियाधुरासम्मको जमिन समेटेर नेपालको राजनीतिक तथा प्रशासनिक नक्सा सार्वजनिक गरेको थियो। चुच्चे नक्सा समेटिएको निशान छाप सम्बन्धी संविधान संशोधन प्रस्ताव संघीय संसदबाट सर्वसम्मत रुपमा अनुमोदन भएको थियो ।

४ असार २०७७ मा तत्कालीन राष्ट्रपतिबाट निशान छाप परिवर्तन सम्बन्धी संविधान संशोधन विधेयक प्रमाणीकरण भएसँगै कालापानी, लिपुलेक र लिम्पियाधुरा समेटिएको नेपालको राजनीतिक तथा प्रशासनिक नक्साले संवैधानिक मान्यता पाएको थियो। तर, यतिका वर्षसम्म नेपालको निशान छापमा रहेको भूभाग भारतीयकै नियन्त्रणमा छ ।

# राष्ट्रिय सुरक्षा गम्भीर संकटमा : अग्नी सापकोटा

**काठमाडौं/मस-** लुम्बिनी प्रदेश सरकारका पूर्वआन्तरिक मामिला मन्त्री तथा नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य तिलक शर्मा 'हिमाल'द्वारा लिखित 'बन्द पर्खाल' संस्मरण कृति शनिबार संवाद डबलीमा एक समारोहका बीच विमोचन भएको छ ।

माओवादी केन्द्रका केन्द्रीय उपाध्यक्ष तथा पूर्वसभामुख अग्नीप्रसाद सापकोटाले बन्द पर्खालको विमोचन गर्दै नेपालमा समाजवाद स्थापनाको अभियानलाई अगाडि बढाउन वैचारिक, राजनीतिक, सांगठनिक तथा सांस्कृतिक पुनर्गठन जरुरी भएको बताए ।

साथै सापकोटाले मुलुकले कृषि क्रान्ति, औधोगिकी क्रान्ति, सूचना प्रविधिको क्रान्तिलाई अगाडि बढाउँदै राष्ट्रिय सुरक्षाको नयाँ चुनौतिको सामना गनुपर्ने टड्कारो आवश्यकता रहेको औंल्याए । नेपाल राष्ट्रिय सुरक्षाको गम्भीर समस्याबाट अगाडि बढेको उनले बताए । उनले लेखक तिलक शर्माको कृतिले विचारधाराबाट एउटा क्रान्तिकारीले जेलको मोर्चामा कसरी संघर्ष गर्दछ भन्ने यथार्थ बुझ्न सघाउ पुऱ्याएको पनि समीक्षा गरे ।



कृतिमाथि बोल्दै नेकपाका स्थायी समिति सदस्य तथा संस्कृतिककर्मी अनिल शर्माले बन्द पर्खालले जनयुद्धको गौरवशाली इतिहासलाई चित्रण गरेको बताउँदै जनयुद्धको विद्रुपीकरण विरुद्धको नयाँ कृति भएको दाबी गरे ।

त्यस्तै कृतिमाथि समीक्षा गर्दै वरिष्ठ मार्क्सवादी समालोचक इश्वरचन्द्र ज्ञवालीले बन्द पर्खालले पश्चिम नेपालको वर्गसंघर्षमा क्रान्तिकारी जेल मोर्चाभित्र योद्धाहरुले कसरी यातनाको दस्तावेजमा हस्ताक्षर गरेका थिए, त्यसको जीवन्त दस्तावेजीकरण गरिएको बताए ।

समीक्षक बालकृष्ण अधिकारीले यो कृतिले वैचारिक संस्मरण भएको बताए । त्यस्तै समीक्षक अनुपमा रेग्मीले यो कृतिले जनयुद्धलाई नभोगेको, नदेखेकोको पुस्ताका लागि महत्वपूर्ण सन्दर्भ सामग्री बनेको बताए ।

बन्द पर्खालका लेखक जनयुद्धको ऐतिहासिक प्रक्रियामा जुम्ला, कालिकोटको वर्गसंघर्षको नेतृत्व गर्दागर्दै गिरफ्तार भइ धनगढी कारगारमा आस्थाका वन्दी रहेका थिए भने जनमुक्ति सेनाले धनगढी कारागार कब्जा गरी उहाँलाई मुक्त बनाएको थियो । त्यही जेलजीवनको अनुभूतिलाई नै लेखकले कृतिका रुपमा ल्याएका हुन् ।

आयोजक भुँडीपुराण प्रकाशनका अध्यक्ष केशवराज पराजुलीले यो पुस्तकले माओवादी जनयुद्धको इतिहासलाई लिपिबद्ध गरेको बताए । साथै उनले पुस्तक प्रकाशकहरुलाई प्रोत्सहान गर्नुको सट्टा नीतिगतरुपमै सरकारले दुःख दिने कार्य गरेको भन्दै रोष पनि व्यक्त गरे । सार्वजनिकीकरण समारोहमाको सञ्चालन साहित्यकार तथा नाटककार खेम थपलिया, स्वागत गेहेन्द्र ढकाल र केशवराज पराजुलीले सभापतित्व गरेका थिए ।

# उद्योगी व्यवसायी देश विकासको मेरुदण्ड : प्रजिअ खत्री

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
सन्धिखर्क, २४ चैत

अर्घाखाँचीका प्रमुख जिल्ला अधिकारी सुर्य बहादुर खत्रीले जिल्लाको शान्ति सुरक्षामा कुनै पनि अप्रिय घटना हुन नदिने प्रतिबद्धता व्यक्त गरेका छन् । एक साता अगाडि अर्घाखाँची जिल्ला प्रशासन कार्यालयको जिम्मेवारी सम्हाल्न यहाँ आएका प्रजिअ खत्रीले शुक्रबार आयोजित पत्रकार भेटघाट तथा परिचयात्मक कार्यक्रममा जिल्लाको शान्ति सुरक्षा चुस्त दरुस्त राख्ने प्रतिबद्धता जनाएका हुन् ।

प्रजिअ खत्रीले भने, 'तपाईंहरु (पत्रकार)सँग भेट गर्ने इच्छा थियो, तपाईंहरुको ठूलो साथ सहयोग चाहिन्छ । जिल्लाका विभिन्न क्षेत्रका वस्तुस्थितिबारे तपाईंहरुले जानकारी गराउँदा खुसी लाग्यो ।' जिल्लाको अवस्थाबारे विस्तृत जानकारी पत्रकारबाट बढी थाहा हुने भएकाले पनि भेटघाट कार्यक्रम राखिएको उनले बताए ।




अर्घाखाँचीको समग्र शान्ति सुरक्षा कायम गर्नमा आफू हरबखत तयार रहेको उनले बताए । अर्घाखाँचीमा रहुञ्जेल यहाँका नागरिकलाई असुरक्षित हुन नदिने र अप्रिय घटनाहरू रोक्नमा कटिवद्ध भएर लाग्ने उनले उल्लेख गरे ।

त्यस्तै प्रजिअ खत्रीलाई अर्घाखाँची उद्योग वाणिज्य संघले एक कार्यक्रमको आयोजना गरी स्वागत गरेको छ । स्वागत कार्यक्रममा मन्तव्य राख्दै प्रजिअ खत्रीले उद्योग वाणिज्य संघ देश विकासको मेरुदण्ड भएको बताए । उनले उद्योगी व्यवसायीहरुको समस्याप्रति आफू गम्भीर रहेको भन्दै उद्योग वाणिज्य संघसँग हालेमाले गरी अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गरे ।

कार्यक्रममा उद्योग वाणिज्य संघ अर्घाखाँचीका अध्यक्ष प्रदिप मिश्रको अध्यक्षता, उपाध्यक्ष काजी श्रेष्ठको स्वागत मन्तव्य र सदस्य लक्ष्मण केसीको सञ्चालनमा सम्पन्न भएको हो । कार्यक्रममा जिल्लास्थित विभिन्न बैंकका प्रमुखसहित उद्योग वाणिज्य संघका पदाधिकारीलगायतको उपस्थिति रहेको थियो ।

# प्रहरी जवान यादवलाई शोक सलामी अर्पण, छोराले दिए दागबत्ती



**लालबाबु बानिया/मध्यान्ह**
पर्सा, २४ चैत

ड्युटीका क्रममा बसको ठक्करबाट ज्यान गुमाएका ट्राफिक प्रहरी जवान मुनटुन यादवको अन्त्येष्टि गरिएको छ । बाराको जितपुर सिमरा उपमहानगरपालिकाको अमलेखगञ्ज चोकमा ड्युटीमा खटिएका यादवको बसको ठक्करबाट मृत्यु भएपछि शनिबार उनको घर छिपहरमाई गाउँपालिका वडा नं १ मिर्जापुरमा प्रहरीले शोक सलामी अर्पण गर्दै हिन्दु परम्पराअनुसार दाहसंस्कार गरिएको हो ।

मृतक प्रहरी जवान यादवलाई उनका चार वर्षीय छोरा सुशान्त यादवले दागबत्ती दिए । मृतक प्रहरी जवान यादवको अन्तिम दाहसंस्कार ओरिया खोलाको छठियाघाटमा रहेको असमानघाटमा गरिएको हो भने उनका बुबा रामचन्द्र यादव किरिया बसेका छन् ।

मृतक प्रहरी जवान यादवको शोक सालामी अर्पण नेपाल प्रहरी, राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय पथलैयाका प्रमुख प्रहरीउपरीक्षक भिमकिरण बोगटीको कमाण्डमा गरिएको हो । शोक सलामी अर्पणमा जिल्ला ट्राफिक प्रहरी कार्यालय बाराका प्रहरी निरीक्षक रामकुमार महतो, इलाका प्रहरी कार्यालय पोखरियाका प्रहरी निरीक्षक मोहन विक्रम केसी, प्रहरी चौकी मिर्जापुरका प्रहरी सहायक निरीक्षक मुकेश यादव, नेपाल प्रहरीका जवानहरु तथा स्थानियहरुको उपस्थिति रहेको थियो । मृतक प्रहरी जवान यादवको सात वर्ष पहिला विवाह भएको थियो भने उनका एक छोरी र एक छोरा रहेका छन् । काठमाडौंबाट काँकडभिट्टा गइरहेको बागमती प्रदेश ०१-००ख ६१२३ नम्बरको बसको ठक्करबाट यादवको मृत्यु भएको थियो । शुक्रबार राति ड्युटीमा खटिएका ट्राफिक प्रहरी यादवलाई बसले ठक्कर दिएपछि उनको घटनास्थलमै मृत्यु भएको बाराका प्रहरी प्रवक्ता एवम् प्रहरी नायव उपरीक्षक (डीएसपी) दधिराम न्यौपानेले जानकारी दिए ।

# जनप्रतिनिधि गुनासो सुन्न घर-दैलोमै पुगेपछि रुरुक्षेत्रका जनता हर्षित



**सरु भुसाल/मध्यान्ह**
गुल्मी, २४ चैत

आफूहरुले मतदान गरेर विजयी बनाएर जिम्मेवार पदमा पुऱ्याएका जनप्रतिनिधि विभिनन समस्याका बारेमा जिज्ञासा राख्दै आफ्नो घर-दैलोमै टुप्लुक आइपुग्दा गुल्मीको रुरुक्षेत्र गाउँपालिकाका स्थानीयहरु उत्साहित भएका छन् । गाउँपालिकाभित्रका ८० वर्ष उमेर पूरा भएका ज्येष्ठ नागरिकलाई लक्षित गरेर रुरुक्षेत्र गाउँपालिकाले 'टोलटोलमा ज्येष्ठ नागरिक, घरघरमा स्वास्थ्य सेवा' अभियान केही महिना अगाडिदेखि चलाएको छ । गाउँपालिकाका अध्यक्ष यदु ज्ञवालीको अगुवाईमा शुरु गरिएको उक्त अभियानका क्रममा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मण पाण्डेसहितका कर्मचारी तथा वडाका जनप्रतिनिधिहरु गाउँका जनताको कुरा बुझ्न घरघरमा जाँदा स्थानीयहरु हर्षित भएको भन्दै वडा नम्बर १ निवासी प्रदीप बिकले खुसी व्यक्त गरे ।

गाउँपालिकाले ज्येष्ठ नागरिकहरुको माग अनुसारका सामग्रीहरु पनि वितरण गर्ने गरेको छ । गाउँ सभा हुनुपूर्व सबै वडाका मुख्य समस्या, गाउँपालिकाबाट अनुदानमा दिएका विभिन्न कृषि सामग्रीहरुको प्रयोग सही ठाउँमा भए-नभएको बुझ्नका लागि गाउँपालकिा अध्यक्ष ज्ञवाली, प्रमुख प्रशासकीय अधिकृत पाण्डे तथा सम्बन्धित वडाका अध्यक्ष स्थानीयहरुको घरघरमा पुग्ने गरेका छन् । स्थानीय निर्वाचनबाट निर्वाचित जनप्रतिनिधि घरदैलोमै आएर स्वस्थ्य, शिक्षा, खानेपानी, विद्युत तथा गाउँको समग्र विकासका बारेमा जानकारी लिँदा धेरै समस्या हल भएको स्थानीयहरु बताउँछन् ।

रुरुक्षेत्र गाउँपालिका अहिले पनि कार्यसम्पादनमा गुल्मी जिल्लामै अब्बल रहेको, गाउँपालिकाले राम्रो काम गरेको समाचार सुन्न पाउँदा खुसी लाग्ने वडा नम्बर १ का विष्णु भट्टराईले बताए । यस्तै गाउँपालिका अध्यक्ष ज्ञवालीले आफू जनप्रतिनिधि भएका नाताले सदैव आफ्नो ध्यान जनताको सेवामै समर्पित हुने बताए । गाउँपालिकाले गाउँपालिकाबाट हुने गरेका विकास निर्माण कार्यसम्पादन तथा अन्य गतिविधिहरु जनताको बीचमा पुऱ्याउनका लागि प्रत्येक पहिलो चौमासिक, दोस्रो चौमासिक, तेस्रो चौमासिक र चौथो चौमासिकमा बृहत् सार्वजनिक सुनुवाइ गर्ने र जनताले दिएका सुझावलाई ग्रहण गरेर गुनासो सम्बोधन गर्नेजस्ता महत्वपूर्ण कामहरु गरिरहेको प्रमुख प्रशासकीय अधिकृत पाण्डेले बताए ।

# काठमाडौं उपत्यकाको फोहोर विसर्जनमा अवरोध

**नुवाकोट/मस-** विगतमा भएका सहमति कार्यान्वयन नभएको भन्दै काठमाडौं उपत्यकाको फोहोर बञ्चरेडाँडामा विसर्जन गर्न नुवाकोट र धादिङका स्थानीय बासिन्दाले अवरोध गरेका छन् ।

'बञ्चरेडाँडा ल्याण्डफिलसाइट प्रभावित क्षेत्र सरोकार समिति' (नुवाकोट-धादिङ)ले यसअघिका सहमति कार्यान्वयन तथा 'मानवबस्तीरहित ल्याण्डफिलसाइट विकास क्षेत्र' घोषणाको माग गर्दै फोहोर विसर्जनमा अवरोध गरेको हो । उक्त समितिका संयोजक श्रीराम



ढुंगानाले सर्वपक्षीय भेलाबाट प्रस्तुत ११ बुँदे माग सम्बोधनका लागि गत फागुन २१ गते प्रधानमन्त्रीसमक्ष पेस गरिएका मागको सुनुवाइ नभएकाले शान्तिपूर्ण आन्दोलनको कार्यक्रमसहित फोहोर विसर्जनमा रोक लगाइएको बताए ।

शनिबार बिहानैदेखि फोहोर विसर्जनस्थल नुवाकोटको सिसडोलस्थित कुडुल्ले र धादिङको बञ्चरेडाँडा पुग्ने सडक अवरुद्ध पारिएको उनले जानकारी दिए । 'फोहोर विसर्जनका सम्बन्धमा विगतका सहमतिको कार्यान्वयन र नयाँ मागको सम्बोधनको प्रतिबद्धता नभएसम्म फोहोर फाल्न दिँदैनौं,' उनले भने ।

बञ्चरेडाँडा ल्यान्डफिलसाइटमा काठमाडौं र ललितपुरका साथै अन्य नगरपालिकाबाट दैनिक एक हजार पाँच सय टन फोहोर विर्सजन हुने गरेको छ ।

# पाँचथरको फालेलुङमा 'चौंरी पर्यटन महोत्सव' हुने

**लेखनाथ सिकारु/मध्यान्ह**
पाँचथर, २४ चैत

पाँचथरको फालेलुङ गाँउपालिका-४ चाररातेमा नयाँ वर्ष २०८१ को अवसर पारेर 'चौंरी पर्यटन महोत्सव' हुने भएको छ । पाँचथर सदरमुकाम फिदिममा पत्रकार सम्मेलन गरेर महोत्सव चैत ३० गतेदेखि तीन दिनसम्म सञ्चालन हुने जानकारी दिइयो । नेपाल र भारतको सीमावर्ती क्षेत्रमा रहेको सो स्थानमा सातौं चौंरी महोत्सव हुन लागेको हो ।

फालेलुङ गाँउपालिका मुख्य आयोजक रहेको उक्त महोत्सव सम्पन्न गर्न फालेलुङ कञ्चनजंघा पर्या-पर्यटन प्रवर्द्धन संस्था, दीप ज्योति युवा क्लब र कञ्चनजंघा चौंरीपालक तथा संरक्षण संस्था आयोजकको रुपमा रहेका छन् ।

महोत्सवको अवसरमा ६ सय चौंरीहरु प्रदर्शन गरिने फालेलुङ गाउँपालिकाका अध्यक्ष वीरविक्रम थाम्सुहाङले जानकारी दिए । सो अवसरमा पर्यटन र सञ्चारसम्बन्धी अन्तरक्रिया गर्ने पनि तयारी रहेको उनले बताए । झाँकी प्रदर्शन, याक नृत्य, चौंरीसँग सम्बन्धित खेल प्रदर्शन, मैत्रीपूर्ण फुटबल प्रतियोगिता, दोहोरी प्रतियोगिता, उत्कृष्ट पर्यावरण संरक्षण सम्मान कार्यक्रम र साहसिक फुटबल प्रतियोगितालगायतका कार्यक्रमहरु सञ्चालन गरिने पनि अध्यक्ष थाम्सुहाङले जानकारी दिए ।

फालेलुङ गाउँपालिका र भारतको वेष्ट बंगालसहित सिक्किमको सिमानामा



रहेको चाररातेमा महोत्सव गर्न लागिएको हो । चौंरी संस्कृतिलाई संरक्षण गर्न महोत्सवको आयोजना गरिएको अध्यक्ष थाम्सुहाङले बताए । 'चौंरी उच्च पहाडको सौन्दर्य मात्र नभएर सम्पत्ति पनि हो,' थाम्सुहाङले भने, 'चौंरीको संरक्षण गर्नु स्थानीय सरकारको दायित्व ठानेर महोत्सवको तयारी गरिएको हो ।' अध्यक्ष थाम्सुहाङले विश्वमै लोपोन्मुख चौंरी संस्कृतिको जगेर्ना गर्ने, उच्च पहाडी क्षेत्रको पर्यावरण सन्तुलन कायम गर्ने, विश्वमै लोपोन्मुख रेडपाण्डा र जैविक विविधताको संरक्षण गर्ने महोत्सवको मुख्य उद्देश्य रहेको बताए ।

फालेलुङ गाउँपालिकाको आर्थिक सहयोगमा हुने महोत्सवमा चौंरी तथा याकको प्रजातिहरूको संरक्षण र सम्वर्द्धनमा सहयोग पुग्ने आयोजकले जनाएको छ । महोत्सवमा फालेलुङ क्षेत्रमा पाइने जडीबुटीहरू, स्थानीय संस्कार संस्कृति झल्कने परिकारहरू, भेडाको ऊनबाट निर्मित सामग्रीहरू बिक्री, गोठस्टेको अनुभव, सांस्कृतिक कार्यक्रमलगायतको आकर्षण रहने आयोजकले जनाएको छ ।

यस क्षेत्रमा दर्जनौं चौंरी गोठहरु छन् । महोत्सवले यहाँको पर्यटनको सम्भावनालाई माथि उठाउने विश्वास गरिएको छ । विगतका महोत्सवहरुकै कारण यस क्षेत्रमा पर्यटकहरुको चाप बढेको आयोजक संस्था दीप ज्योति क्बलका कार्यकारी निर्देशक सुनिल बान्तवाले बताए । मानव बस्तीभन्दा माथि जंगली क्षेत्रमा आयोजना गरिने माहोत्सवमा आन्तरिक र बाह्य गरी १० हजार पर्यटकलाई सहभागी गराउने आयोजकको लक्ष्य रहेको छ ।

पाँचथरसहित पूर्वी नेपालका ताप्लेजुङ, इलाम, झापा, काठमाडौं, भारतको सिक्किम र दार्जिलिङका पर्यटन व्यवसायी र सर्वसाधारणले महोत्सवको अवलोकन गर्ने अनुमान गरिएको छ । महोत्सवमा चौंरीको दुधबाट बनाइएका परिकारहरु, चौंरी र भेडाको ऊनबाट बनेका बस्तुहरु र लेकाली क्षेत्रमा पाइने जडिबुटी तथा कृषिजन्य बस्तुको स्टल राख्ने तयारी छ । ९ लाख रुपैयाँको अनुमानित लागतमा महोत्सव सम्पन्न गर्ने लक्ष्य आयोजकले राखेको छ ।

# 'नयाँ गठबन्धनले जनतामा आशा पलायो'




**शोभार पन्थी/मध्यान्ह**
अर्घाखाँची, २४ चैत

नेकपा एमाले केन्द्रीय कमिटीका सदस्य बोमबहादुर बि.क.ले नयाँ गठबन्धन निर्माणले जनतामा आशा पलाएको बताएका छन् । नेकपा एमाले सन्धिखर्क विशेष इलाका कमिटीद्वारा शनिबार आयोजित आधारभूत प्रशिक्षण कार्यक्रममा मन्तव्य राख्दै उनले अग्रगामी वामपन्थी शक्तिहरु सम्मिलित वर्तमान सरकारले देश र जनताको पक्षमा काम गर्नेमा आफूहरु विश्वस्त रहेको बताए ।

अघिल्लो गठबन्धन अप्राकृतिक र अस्वभाविक रहेको भन्दै उनले त्यो गठबन्धनलाई ढाल्नु नै मुलुकका निम्ति ठूलो उपलब्धि भएको दाबी गरे । सरकारको काम गर्ने शैलीमा धेरै परिवर्तन आएको भन्दै उनले वर्तमान सरकारले परिणाममुखी काम गर्ने बताए । केन्द्रीय सदस्य बि.क.ले नेकपा एमाले सामाजिक न्यायसहितको विकास र समृद्धिको पक्षमा रहेको बताए ।

कार्यक्रममा मन्तव्य राख्दै नेकपा एमालेका जिल्ला अध्यक्ष पीताम्बर भुसालले एमालेबाट मात्रै मुलुकको समृद्धि सम्भव रहेको बताए । उनले तत्कालीन केपी शर्मा ओली नेतृत्वको सरकारले शुरुवात गरेको विकास निर्माणको कामलाई वर्तमान सरकारले निरन्तरता दिनुका साथै जनताको पक्षमा थप योजना अगाडि ल्याउनेमा आफूहरु आसावादी रहेको बताए ।

अध्यक्ष भुसालले आगामी निर्वाचनमा एमालेलाई मुलुकको कुनै तागतले हराउन नसक्ने भन्दै त्यसको निम्ति अहिलेदेखि नै संगठन बलियो बनाएर अगाडि बढ्नुपर्नेमा जोड दिए । अध्यक्ष भुसालले कार्यकर्ताको चौतर्फी विकासको निम्ति विभिन्न समयमा पार्टीले सञ्चालन गरेका प्रशिक्षण फलदायी भएको बताए । अहिलेको प्रशिक्षणले कार्यकर्तामा उत्साह थपेको उनको भनाइ थियो ।

नेकपा एमाले सन्धिखर्क विशेष इलाका कमिटीका अध्यक्ष खुबिराम आचार्यको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नेकपा एमाले लुम्बिनी प्रदेश कमिटीका सदस्य केवी भुसाल, जिल्ला कमिटी सचिव तोजबहादुर रायमाझी, उपसचिव शम्भु प्रसाद पोखेल, कार्यालय सचिव लिलबहादुर बि.क., एमाले पाणिनी पालिका कमिटीका अध्यक्ष कमल घिमिरे, अनेरास्ववियूका स्थायी कमिटीका सदस्य प्रदिप नेपाली, एमाले जिल्ला कमिटी सदस्य कमल भट्टराईलगायतको उपस्थिति रहेको थियो ।

# फलामको काम गर्नेहरुलाई टिटि खोप अनिवार्य लगाउनुपर्छ : उपाध्यक्ष कटुवाल

**काठमाडौं/मस-** नेपाल घरेलु तथा साना उद्योग महासंघका बस्तुगत उपाध्यक्ष मोहन कटुवालले ग्रील तथा स्टील व्यवसायमा संलग्न उद्योगी र ग्रील श्रमिकका लागि टिटि खोप अति नै आवश्यक रहेको बताएका छन् ।

ग्रील तथा स्टील व्यवसायी संघ काठमाडौं पूर्वी क्षेत्रीय समिति अन्तर्गतको कपन इकाइ समितिले आयोजना गरेको ग्रील तथा स्टील व्यवसायीहरुका लागि निःशुल्क टिटि खोपको शुभारम्भ गर्दै उपाध्यक्ष कटुवालले सो कुरा बताएका हुन् ।

ग्रील तथा स्टील व्यवसायी महासंघ नेपालका संस्थापक अध्यक्षसमेत रहेका कटुवालले देशमा आर्थिक मन्दीका कारण बन्द हुन लागेका ग्रील उद्योगहरुलाई सरकारले राहतका कार्यक्रमहरु ल्याएर लाखौंलाई रोजगारी दिइरहेको ग्रील व्यवसाय पूर्णरुपमा सञ्चाल्न गर्न सक्ने वातावरण बनाइदिन सरकारको ध्यानाकर्षण गराए । उपाध्यक्ष कटुवालले ग्रील तथा स्टील व्यवसायीका समस्या समाधान गर्न नेपाल घरेलु तथा साना उद्योग महासंघले सदैव पहल गर्ने बताए ।

कपन इकाइ समितिका अध्यक्ष भेसराज श्रेष्ठको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा महासंघका वरिष्ठ उपाध्यक्ष अमृतबहादुर श्रेष्ठ, काठमाडौं जिल्ला अध्यक्ष सुनिल कुमार अमात्य, महासचिव पशुपति श्रेष्ठ, पूर्वी क्षेत्रीय अध्यक्ष विष्णु कुमार श्रेष्ठलगायतका ग्रील तथा स्टील व्यवसायमा देखिएका समस्याहरु सबै मिलेर समधान गर्नुपर्ने बताए ।

# मधेश भूमि दैनिकको वार्षिकोत्सवमा मध्यान्हकर्मी सिंह सम्मानित



**रौतहट/मस-** मधेश भूमि दैनिक पत्रिकाले आफ्नो पहिलो वार्षिकोत्सवको अवसरमा पत्रकारिता क्षेत्रमा योगदान पुऱ्याउँदै आएका पत्रकारहरुलाई सम्मान गरेको छ । कार्यक्रममा मध्यान्हकर्मी सत्येन्द्र प्रताप सिंहलाई सम्मानित गरिएको छ ।

पत्रकारीता क्षेत्रमा पुऱ्याएको योगदानको उच्च मूल्यांकन गर्दै सिंहलाई सम्मान गरिएको मधेश भूमि पत्रिकाकी प्रकाशक शिला कुमारीले जानकारी दिइन् । कार्यक्रममा प्रमुख अतिथिको रुपमा प्रदेश सभा सदस्य नागेन्द्र साहले करिब एक दर्जनभन्दा बढी सञ्चारकर्मी एवम् सहयोगीलाई प्रशंसा पत्र प्रदान गरेका थिए ।


## मलेसियामा रोजगार |

कम्पनी: KAWEKAWA SECURITY (M) SDN BHD
शहर: CHERAS

पूर्व स्वीकृत मिति:२०७९/१२/१० चलानी नं.: ६०१९८७०८ L.T. No.: 283068 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 67 | 0 | स. काममा दक्ष | 1500 | ४२,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ बैशाख २ देखि ८ गतेसम्म (14 to 20 April 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

FAMOUS HUMAN RESOURCES PVT. LTD.
Sinamangal-9, Kathmandu, Nepal (in front of Hope Hospital)
Phone No:4116659,4116660. Mobile No: 9801307500
श्रम इजाजत नं. ५४५/०६१/०६२
Email: info@famoushr.com.np, famoushr545@gmail.com. Web:www.famoushr.com.np

GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara,
Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoon@mos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
www.madhyanhadaily.com
२५ चैत २०८०, आइतबार
7 April 2024, Sunday

## सम्पादकीय

### प्रसाईंका निन्दनीय गतिविधि

विवादित व्यावसायी दुर्गा प्रसाईं राजसंस्था पुनर्स्थापना गर्ने घोषणा सहित देशब्यापी अभियान चलाइरहेका छन् । गत वर्ष १ फागुनमा पूर्व राजा ज्ञानेन्द्र शाहको परिवार नै झापामा आयोजित सभामा लगेर उनले राजसंस्था पुनर्स्थापना गर्ने घोषणा गरेका थिए । त्यो अभियान अन्तर्गत राजधानी उपत्यका सहित देशका विभिन्न ठाउँमा सभा गर्दै प्रसाईं घुमिरहेका छन् । उनको अभियानकै कारण प्रमुख दलहरू एक हदसम्म हच्चिएका देखिन्छन् । सामाजिक सञ्जालमा कडाईं गर्नेदेखि १२ बुँदे पक्षधर दलहरूको बैठक बस्नु त्यसैको प्रमाण हुन् । राजनीति भनेको शक्ति संघर्ष भएकाले उनको अभियानप्रति आपत्ति जनाउनुपर्ने ठूलो कारण देखिदैन । किनकि संविधानले जनतालाई सार्वभौम भनेको छ । यसको अर्थ जनताले चाहे बमोजिमको व्यवस्था मुलुकमा कायम हुन सक्छ ।

त्यसैले वर्तमान व्यवस्थाप्रति नागरिकलाई फरक मत राख्ने अधिकार संविधानले नै सुनिश्चित गरेको छ । यदि अहिलेको व्यवस्था जोगाउने हो भने त्यसका पक्षधर शक्तिहरूले जनतालाई मनाउन आवश्यक छ । गणतान्त्रिक शक्तिहरूको शैली र प्रस्तावप्रति जनता सहमत रहेसम्म अहिलेको प्रणाली कायम रहन सक्छन् । अर्थात् प्रसाईंलाई राजतन्त्र फर्काउने अभियान चलाउने अधिकार संविधानले दिएको छ । राप्रपाले राजतन्त्रकै एजेण्डा लिएर आमचुनावमा सहभागी हुँदै आएको छ । जनमत पाएर गणतन्त्र नेपालको सरकारमा सहभागी हुनु नौलो कुरा होइन । त्यसैले प्रसाईंलाई स्वतन्त्रपूर्वक अभियान चलाउने अधिकार छ । तर प्रसाईंका कतिपय अभिव्यक्ति र गतिविधि निन्दनीय छ । कुनै निश्चित व्यावसायिक घरनाको नामै लिएर देश निकाला गर्नुपर्ने जस्तो आपत्तिजनक अभियान प्रसाईंले चलाइरहेका छन् ।

केही दिन अगाडि आधुनिक हतियार सहित प्रसाईं घुमिरहेको तथ्य सार्वजनिक भएको थियो । सर्वोच्च अदालतको परिसर जस्तो संवेदनशील क्षेत्रमा आधुनिक हतियार बोकेका नीजि सुरक्षा लिएर उनी पुगेका थिए । प्रहरीले ती हतियार नियन्त्रणमा लिएपछि प्रमुख दलका नेताहरूप्रति निन्दनीय अभिव्यक्ति दिइरहेका छन् । बल प्रयोगलाई प्रोत्साहन गरिहेका छन् । बैंक तथा वित्तीय संस्थाप्रति अविश्वास फैलाउने काम गरिरहेका छन् । तर उनका समर्थक भड्किन सक्ने भयका कारण सरकारले उनीमाथि कुनै कानूनी कार्बाही चलाएको देखिदैन । जबकी उनले दिएका अभिव्यक्ति र गतिविधिले साम्प्रदायिक भड्काव ल्याउने मात्रै नभएर समानान्तर सत्ताको अभ्यास गरिरहेको देखिन्छ । प्रसाईंलाई पक्कैपनि राजनीतिक अधिकार छ, त्यस्तो अधिकार उपयोग शान्तिपूर्ण विधिबाट गरिनुपर्छ । सत्तामा पनि उनी पुग्न सक्छन् र हिंसामार्फत् होइन । यसतर्फ राज्यको ध्यान जान जरूरी छ ।

# ग्रीन बैंकिङ आजको आवश्यकता

*ग्रीन बैंकिङको अवधारणालाई सफल बनाउन सकिएमा बैंकिङ क्षेत्रप्रति देखिएको अफवाह र अविश्वासको वातावरणलाई समेत नियन्त्रण गरी दिगो बैंकिङको अवधारणा अगाडि बढाउन सकिने कुरामा कसैको बिमति नरहला ।*

अग्रलेख



● डा. दिबाकर वशिष्ठ

लक्षित उद्देश्य प्राप्त गर्ने बाटामा आइपर्ने बाधालाई सामान्य अर्थमा जोखिम भन्ने गरिन्छ । बैंकिङ क्षेत्रले जोखिमभित्र रहेर अवसरको खोजी गर्नुपर्ने हुन्छ । बैंकिङ क्षेत्रमा आइपर्ने जोखिमहरूमा कर्जा, बजार, कार्यसञ्चालन, तरलता, ब्याजदर र राजनीतिक स्वार्थसिद्ध सम्बन्धी जोखिमहरू प्रमुख छन् । हाल केही राजनीतिसँग जोडिएर अराजक व्यक्तिले लघुवित्त र बैंक तथा वित्तीय संस्थाबाट लिएको ऋणको सावा ब्याज तिर्नु हुँदैन, बैंक डुब्दै छ निक्षेपकर्ताले आफ्नो निक्षेप फिर्ता लैजानु होला भन्ने निराधार हल्ला फैलाएको कारण वित्तीय संस्थालाई अस्थिर बनाउने प्रयास गरेका छन् । यस्ता अफवाहपूर्ण भ्रम छर्ने कार्य भविष्यमा नहोस् भन्नाको लागि पनि ग्रीन बैंकिङ जरुरी छ । जोखिमको सबैभन्दा ठूलो बाहक कर्मचारी हुन् । निरन्तर अनुगमन एवम् सुपरीवेक्षणको अभाव र आन्तरिक नियन्त्रणको कार्यान्वयन पक्षमा चुस्त र दुरुस्तताको अभावले हिजोसम्म राम्रो मानिएको मानिस भोलि एकाएक अपराधी बन्न सक्छ साथै, हिजोसम्म राम्रो मानिएको बैंक एकाएक कमजोर हुन सक्छ । हालका दिनहरूमा बैंक तथा वित्तीय संस्थाहरूमा सञ्चालन जोखिमसमेत बढेको हुँदा साइबर क्राइमलगायतका आपराधिक प्रवृत्तिले प्रश्रय पाएको छ । तथापि, यसको स्तर यति नै छ भनेर निर्क्यौल गर्न कठिन छ ।

बैंकिङ क्षेत्रले नैतिकता र सामाजिक सुरक्षा, हित एवम् वातावरणीय संरक्षणलाई मध्यनजर राखेर कारोबार गर्नु नै ग्रीन बैंकिङ हो । ग्रीन प्रोडक्टको विकास, कार्य दक्षताको आधारमा पुरस्कार र दण्डसजायको व्यवस्था एवम् नातावाद र कृपावाद हटाउनु, प्रदुषण नियन्त्रण हुने उद्योग, मेसिनरी, वस्तु तथा सेवाको उत्पादन प्रक्रिया र विद्युतीय सवारी साधनमा कर्जा लगानी बढाउनु, प्रविधिको प्रयोग र बैंकिङ कारोबारबारे जनचेतना जगाउनु, ग्राहकको गुनासोलाई समयमा नै समाधान गर्नु, कर्मचारीलाई यस सम्बन्धमा तालिम दिनुलगायत ग्रीन बैंकिङका प्रमुख आधार हो । सामान्यतः यो सुन्दा साधारण बैंकिङसँग नै मेल खान्छ तथापि, यसमा वातावरणीय पक्षलाई बढी ध्यान दिइन्छ । चाहे त्यो प्रदुषण नियन्त्रणसँग सम्बन्धित होस् वा बदलिँदो परिवेशअनुरूप प्रविधिको प्रयोग गर्दै ग्राहक संरक्षण र हित नै किन नहोस् । कुनै पनि संघ संस्था वा बैंकिङ क्षेत्रका सामाजिक उत्तरदायित्वहरू छन् । तसर्थ, उनीहरू कर्मचारी, समाज, सरकार र ग्राहक एवम् लगानीकर्ताप्रति बढी जिम्मेवार भइ बैंकिङ सेवा प्रवाह गर्नु पर्दछ, जसलाई ग्रीन बैंकिङ भनिन्छ । जिम्मेवारपूर्ण बैंकिङको अभाव र जनचेतनाको अभावको फाइदा उठाएर हालका दिनहरूमा बैंकिङ क्षेत्रप्रति अफवाह फैलाउनेको जमघट बाक्लिँदै छ । यस्तो अवस्थामा ग्रीन बैंकिङ अवधारणालाई जोडतोडका साथ अगाडि लैजानु पर्दछ, तब मात्र दिगो बैंकिङको कल्पना गर्न सकिन्छ ।



प्राकृतिक स्रोत र साधन एवम् मुलुकलाई वातावरणमैत्री र हरियाली बनाउनको लागि बैंकिङ क्षेत्रले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्ने देखिन्छ । दैवि प्रकोप नियन्त्रण र भूकम्पको दृष्टिकोणले सुरक्षित भवन निर्माणमा लगानी, बाढी पहिरो नियन्त्रण गतिविधिमा लगानी, गरिबी निवारण र रोजगारीमूलक साना तथा मझौला उद्योगको विकासलगायतले मात्र ग्रीन बैंकिङको अवधारणा सफल हुन सक्दछ ।

बैंकिङ जोखिम नियन्त्रणको लागि विश्वले नै ग्रीन बैंकिङको अवधारणालाई आत्मसाथ गरेको देखिन्छ । यसलाई नैतिक, दिगो र वातावरणमैत्री बैंकिङ भन्ने गरिन्छ । बैंकिङ क्षेत्रको दिगो विकास र वातावरणमैत्री लगानी एवम् सामाजिक उत्तरदायित्वसमेत यसमा समाविष्ट भएको देखिन्छ । जलवायु परिवर्तनले वातावरणीय जोखिम निम्तने हुँदा बैंकले कर्जा लगानीपूर्व यस्ता क्षेत्रहरू पहिचान गरी रणनीतिहरू तयार गर्नुपर्दछ । वातावरणीय र समाजका समस्याहरूलाई लक्षित गरेर बैंकिङ क्षेत्रले कर्जा नीति बनाउनु पर्दछ । ग्रीन बैंकिङ पद्धतिको विकासको निश्चित मिति यकिन गर्न त कठिन देखिन्छ, तथापि यसको विकास सन् १९७० मा सामाजिक उत्तरदायित्वसँग जोडिएर सुरु गरिएको देखिन्छ भने अमेरिकाको फ्लोरिडा राज्यमा सन् २००९ मा पहिलो ग्रीन बैंकको स्थापना भएको देखिन्छ ।

*नेपालमा ग्रीन बैंकको अभ्यास भएको छ, तर ग्राहक र सर्वसाधारण एवम् कर्मचारीमा समेत यसबारेमा अपेक्षित ज्ञान नभएको हुँदा पहिला यसबारेमा कर्मचारीलाई तालिम दिने र वित्तीय साक्षरतामार्फत जनसाधारणमा यसको चेतना पुऱ्याउनु जरूरी छ । ग्रीन बैंकिङले दिगो बैंकिङलाई पनि आत्मसाथ गरेको हुँदा अल्पकालीनभन्दा दीर्घकालीन उत्पादनमूलक क्षेत्रमा कर्जा लगानीको नीति बनाउनु पर्दछ ।*

नेपालमा यसको विकासलाई हेर्दा सन् २०११ मा नेपाल बंगलादेश बैंकले यो अवधारणको आरम्भ गरेको देखिन्छ । तत्पश्चात निजी क्षेत्रका बैंकहरूले यसको प्रयोग बढाउँदै लगे र पछि सरकारको स्वामित्वका बैंकलगायतमा पनि यो अवधारणाले प्रवेश पाइसकेको देखिन्छ । समाजमा वातावरणीय चेतना जगाउनको लागि यो अवधारणा अगाडि सारिएको देखिन्छ । बैंकिङ क्षेत्रमा प्रविधिको प्रयोग जस्तै अनलाइन बैंकिङ, मोबाइल बैंकिङ, एटिएम कार्डको प्रयोग, क्यूआर कोडको प्रयोग, सफा नोट नीति र यिनीहरूको विकास, कागजको प्रयोग बिनाका बैंकिङ कारोबार, समय सुहाउँदो भौतिक सुविधा, हाँसेर सेवा दिनु, अनावश्यक कागजात, मेसिनरी, फर्निचरलगायतलाई अन्यत्र व्यवस्थापन गरी कार्यालयलाई प्रविधि र वातावरणमैत्री बनाउनु नै ग्रीन बैंकिङ हो । यसबाट ग्राहक सन्तुष्टि एकातर्फ बढ्दछ भने अर्कोतर्फ ग्राहकले छिटो छरितो सेवा पाउने सम्भावना हुने हुँदा सर्वसाधारणमा बैंकिङ विश्वसनीयता पनि बढ्ने देखिन्छ । कर्जा लगानी गर्दा, ग्राहकसेवा दिँदा, निक्षेप संकलन गर्दा ग्राहकलाई वित्तीय साक्षरताको साथै, वित्तीय चेतनाको जरुरी छ जुन ग्रीन बैंकिङभित्र पर्दछ ।

जोखिम नियन्त्रणको लागि आन्तरिक नियन्त्रण प्रणालीलाई मजबुत बनाउनु पनि उत्तिकै जरुरी छ । कुनै पनि संस्थाको उद्देश्यहरू प्राप्त गर्न उक्त संस्थाका सञ्चालक समिति, व्यवस्थापन र कर्मचारीहरूले बनाइएको नीति तथा कार्य विधिहरूलाई आन्तरिक नियन्त्रण प्रणाली भनिन्छ । यसले संस्थाको सञ्चालनमा प्रभावकारिता र कुशलता, वित्तीय प्रतिवेदनको भरपर्दो र नियमहरूको पालना र अनुसरण गराउँदछ । जोखिम न्यूनीकरण सम्बन्धी नीतिगत व्यवस्थालाई हेर्दा आन्तरिक नियन्त्रणलाई सुदृढ बनाउनको लागि आन्तरिक, बाह्य, कर र व्यवस्थापन लेखा परीक्षणका साथै इ.प्रा.निर्देशन नं. ७/०८० मा नेपाल राष्ट्र बैकले सुपरिवेक्षकीय निर्देशन लागू गर्दै 'क', 'ख' र 'ग' वर्गको इजाजतपत्र प्राप्त संस्थाको निरीक्षण तथा सुपरीवेक्षणको सन्दर्भमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी निर्देशन जारी गरेको छ, जसमा निरीक्षण प्रतिवेदन उपरको प्रक्रियागत स्थलगत निरीक्षण प्रतिवेदन प्राप्त भएको मितिले बढीमा ३० दिनभित्र इजाजतपत्रप्राप्त संस्थाको सञ्चालक समितिले उक्त प्रतिवेदनमा उल्लेखित कैफियतहरूको सुधार तथा दिएका निर्देशनहरूको पालना गरी सो निरीक्षण प्रतिवेदनमा उठाइएका बुँदाहरूको सुधारको स्थितिसहितको प्रतिक्रिया राष्ट्र बैंकको सम्बन्धित सुपरीवेक्षण विभागमा पठाउनु पर्नेछ भनी उल्लेख गरिएको छ एकातर्फ भने अर्कोतर्फ सुरक्षित कारोबार ऐन, २०६३ र जोखिम व्यवस्थापन गाइडलाइन, २०१० समेत कार्यान्वयनमा आइसकेको छ ।

ग्रीन बैंकिङको अवधारणको पालनासमेत नगर्दा बैंक तथा वित्तीय संस्था समस्याग्रस्त हुने गर्दछन् र सामाजिक साखसमेत क्षय हुनजान्छ । जसको प्रमुख कारणहरूमा कर्जा प्रवाह र निक्षेप संकलनमा हुने बदमासी, सुशासनको पालनाको अभाव, निर्देशनको पालना सम्बन्धी समस्या एवम् वातावरणीय पक्षसमेतको राम्रो अध्ययनको अभाव हो । कुनै पनि संस्थाको लेखापरीक्षणले उक्त संस्थामा भइरहेका विभिन्न प्रकारका त्रुटि पत्ता लगाउने, लेखा अद्यावधिक भए/नभएको यकिन गर्ने, संस्थामा भ्रष्टाचार भए/नभएको पहिचान गर्ने र यदि भएको रहेछ भने दोषीलाई कारबाही गर्न सिफारिस गर्ने, आर्थिक नियन्त्रण गर्ने, आर्थिक ऐन नियमको पालना गराउन प्रोत्साहन गर्ने, संस्थाको सम्पत्तिको भौतिक अवस्थाको दुरुपयोग भएको नभएको अध्ययन गर्ने आदि काम गर्दछ । यसका साथै, परीक्षणको माध्यमबाट संस्थाले अवलम्बन गरेका नीति, नियम, विनियम र निर्देशिका बमोजिम भए/नभएको, कार्यालयमा रहेका विभाग तथा शाखाहरूको आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी रहे/नरहेको परीक्षण गरी नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन मद्दत गर्ने र संस्थाले उल्लेख गरेका जोखिम र जोखिम न्यूनीकरणका लागि अवलम्बन गरिने उपायहरूको पर्याप्तता परीक्षण गर्ने आदि काम गर्दछ ।

नेपालमा ग्रीन बैंकको अभ्यास भएको छ तर, ग्राहक र सर्वसाधारण एवम् कर्मचारीमा समेत यसबारेमा अपेक्षित ज्ञान नभएको हुँदा पहिला यसबारेमा कर्मचारीलाई तालिम दिने र वित्तीय साक्षरतामार्फत जनसाधारणमा यसको चेतना पुऱ्याउनु जरुरी छ । ग्रीन बैंकिङले दिगो बैंकिङलाई पनि आत्मसाथ गरेको हुँदा अल्पकालीनभन्दा दीर्घकालीन उत्पादनमूलक क्षेत्रमा कर्जा लगानीको नीति बनाउनु पर्दछ । वातावरणीय परिवेशलाई विचार गरी जोखिमपूर्ण क्षेत्रमा हुने लगानीलाई निरूत्साहित गर्नु पर्दछ । बैंकिङ क्षेत्रले ग्रीन बैंकिङलाई प्रोत्साहन हुने वस्तुको उत्पादन गर्नुपर्दछ जसले जलवायु परिवर्तनलाई न्यूनीकरण गर्नुको साथै, वातावरणीय संरक्षणको विश्वव्यापी प्रयासलाई सहयोगसमेत गर्दछ । यसले बैंकिङ क्षेत्रमा बाह्य र आन्तरिक जोखिमलगायत समग्र वित्तीय जोखिमलाई न्यूनीकरण गर्नेमा कसैको दुई मत नहोला । ग्रीन बैंकिङको विकासको लागि कृषि, पर्यटन, जलस्रोत, उर्जा, गरिबी निवारण, गोबर ग्यास प्लाण्ट, प्रदुषणरहित सवारी साधन र सोसँग सम्बन्धित परियोजनामा कर्जा लगानी बढाउनु पर्दछ । विशेषगरी बैंकिङ क्षेत्रमा कार्यरत कर्मचारीमा दक्षता, प्रभावकारिता, मितव्ययिता र नैतिक आचरणको विकास भएमा एकातर्फ ग्रीन बैंकिङको अवधारणालाई सफल बनाउन र विस्तार गर्न सकिने देखिन्छ भने अर्कोतर्फ संस्थागत सामाजिक उत्तरदायित्वलाई समेत सफल बनाउन सकिन्छ । जसबाट हाल बैङ्किङ क्षेत्रप्रति देखिएको अफवाह र अविश्वासको वातावरणलाई समेत नियन्त्रण गरी दिगो बैंकिङको अवधारणा अगाडि बढाउन सकिने कुरामा कसैको बिमति नरहला ।

*(लेखक बैंक तथा वित्तीय संस्थाका विज्ञ हुन् ।)*

## सामाजिक सञ्जाल



**- विष्णु ढकाल**

सत्ता र शक्तिको दुरूपयोग गरेर धन कमाउनेहरूको पीडा यत्रतत्र पोखिएको देखिन्छ । सासुले बुहारीलाई पातलो खोले केराको पातमा खान दिँदा ठूलो शिक्षा मिलेको थियो । यहाँ त चारैतिर बगेको भ्रष्टाचारको खोले सोहोर्दैको हैरान । छोटो विचारले हरियो देखेका अहिले उठबस गर्दै भागाभाग गरेको हेर्न पाइएको छ ।



**- सरोज पोखरेल**

अन्ततः देउवाले आफ्ना उम्मेदवार उठाइकन छाडे । पार्टीमा देउवाको पल्ला भारी छ, बिनासित्ती शेखर-गगनहरूले हल्ला गरेर के हुन्छ ? रास्वपाको विरुद्ध चर्कने होइन, होनहार कांग्रेसी युवा हो ! देउवाविरुद्ध मोर्चा कसे हुन्छ नत्र यी आवासी बुढाका कारण चौरासीपछि रास्वपा होइन कांग्रेस स्वाहा हुन्छ !



**- ओमकुमार थापा**

देशको आन्तरिक व्यापार चौपट्ट छ । उद्योगी व्यापारीहरू पलायनको स्थितिमा पुग्दैछन् भने सरकारी रवैया र झन्झटले नेपालको अर्थतन्त्रमाथि उठ्ने सम्भावना देखिँदैन । यसैबीच विद्युत् प्राधिकरणले उद्योग कलकारखानामा १२ घण्टासम्म गर्ने गरेको लोडसेडिङ्गले देशको हालत के होला ? सहजै अनुमान गर्न सकिन्छ ।



**- रञ्जित तामाङ**

परीक्षाको प्रश्नपत्रमाथि खेलवाड गर्नेहरूलाई थुनेर मुद्दा चलाउने कुनै व्यवस्था छैन ? वर्षेनी यस्तै अपराध हुन्छ, सामसुम हुन्छ । राज्य र विद्यार्थीको खेरा गएको समय र लगानीको हिसाब गरेर असुल्नु पर्दैन ? यस्ता अपराधीहरूलाई तलब-भत्ता खुवाएर पाल्नुमा राज्यको स्वार्थ के होला कुन्नी ?

## तपाईंको राशिफल

- मेष : आध्यात्मिक कार्यमा रुचि बढ्नेछ । योजनाहरू तय हुनेछन् ।
- वृष : व्यापारिक कार्यहरूमा राम्रो लाभ हुनेछ । शैक्षिक प्रगति हुने योग छ ।
- मिथुन : स्वास्थ्य राम्रो रहनेछ । नयाँ कार्यमा सावधानी राख्नुहोला ।
- कर्कट : अनावश्यक इच्छामाथि नियन्त्रण राख्नुहोला । वाहन सावधानी जरुरी छ ।
- सिंह : आहारमा ध्यान दिनुपर्ला । परिश्रमबाट सफलता मिल्नेछ ।
- कन्या : यश बढ्नेछ । अनावश्यक जिम्मेवारी लिनु हुदैन ।
- तुला : सबै कार्यहरूमा सावधानी राख्नुपर्छ । प्रसिद्धिमा वृद्धि हुनेछ ।
- वृश्चिक : राजनैतिक कार्य सफल हुनेछ । सम्मानमा वृद्धि हुनेछ ।
- धनु : कुनै पनि कार्यमा हतार नगर्नु होला । स्वास्थ्यमाथि ध्यान दिनुहोला ।
- मकर : धार्मिक कार्यमा सहभागिता बढ्नेछ । विनम्रतापूर्वक कार्य गर्न राम्रो हुन्छ ।
- कुम्भ : बाहन सावधानी राख्नुहोला । राजनैतिक सहयोग प्राप्त हुनेछ ।
- मीन : जनसम्पर्कमा वृद्धि हुनेछ । स्वास्थ्य राम्रो रहनेछ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# पञ्चायत फाल्ने आन्दोलनको सम्झना

विचार



● लेखराज रेग्मी

चैत्र २४ कै दिन दरबार बलिदान र सौर्यको कारणपछि हट्यो । सुधारिएको पञ्चायत पोतारोमा पनि काम नलाग्ने गलेको जडौरी जस्तै मिल्काइयो । अनि जनताको आवाज सुनिने वातावरण क्रमशः विकास हुँदै गयो । चैत्र १९ मा आलोपालोअनुसार संयुक्त राष्ट्रिय जनआन्दोलनले पहिलो पटक २०४६ को संयुक्त आन्दोलनको नेतृत्व गऱ्यो । चैत्र २४ उसको तेस्रो पालो थियो । जुलुस नियोजित ढंगले दरबार स्क्वायरतिर लगियो । नेपाली कांग्रेस र बाममोर्चाका केही घटक अत्तालिए । निर्मल लामाले ठूलो आवाज आउने माइक स्पीकर लिएर जुलुसलाई सहमति भएकै रुटमा लैजान निर्देशन गरे । स्वयम् शेवकहरूको पहल कमजोर भयो । यत्तिकैमा दरबार स्क्वायरमा गोली चल्यो । युवाहरूको जुलुस देख्न लायक थियो । उनीहरू गोलीको प्रवाह नगरी तानाशाहको शालिक तोड्दै थिए ।

यसपछि दरबार नेपाली कांग्रेस र बाममोर्चाका बिच सहमति गराउनभित्र र बाहिरबाट पहल भए र दबाब आउन थाल्यो । चैत्र २५ र २६ आन्दोलनमा केही कमी महसुस भयो । वार्ता चलिरहे । निर्मल लामा आन्दोलन थप चर्काउने र दरबारमाथि दवाब बढाउने पक्षमा थिए तर, उनी वार्तामा प्रत्यक्ष संलग्न रहेनन् । चैत्र २७ फेरि संयुक्त राष्ट्रिय जनआन्दोलनले नेतृत्व गर्ने पालो आउँदै थियो, चैत्र २६को रातमा दरबारका प्रतिनिधि र नेपाली कांग्रेस- बाममोर्चा बिच सम्झौता भयो । यो सम्झौताको आधार पनि चैत्र २४ ले नै बनाइदियो । तेस्रो मोर्चाले जति तर्क गरेपनि २७/२८ गतेका प्रयत्न अगाडि बढ्न सकेनन् र भण्डाफोरसहित देशवयापी सभा प्रवचनका कार्यक्रम बनाउन तिर लाग्यो ।

चैत्र २४ का तीन वटा महत्वपूर्ण सन्देश छन् । अर्काको बुई चढेर होइन आफ्नो आन्तरिक शक्तिको भरमा मात्रै संयुक्त आन्दोलनको नेतृत्व गर्न सकिन्छ । एलाइन्सबारे संवेदनशील, समझदारी र भरोसा पैदा गर्ने क्षमता आवश्यक हुन्छ । शक्ति सन्तुलन र शक्ति बिन्यासमा देखिने अधकचरा पन, बुझदिली र बाह्य दबाब झेल्ने स्टेमिना बिनाको नेतृत्वबाट जनताले पाउने भनेको धोका नै हो ।

वास्तवमा २०४६ को आन्दोलन त एकेडमी घेरेर सबै पश्चगामी चाललाई असफल पार्दै सरकार, राष्ट्रिय पञ्चायत र पञ्चायती संविधानको खारेजी गर्ने प्रज्ञा प्रतिष्ठानको वार्तामा सहमति भएपछि मात्रै बिट मारिएको थियो । तर, त्यसबेला संयुक्त राष्ट्रिय जनआन्दोलन बाहिरिइसकेको थियो । चौथो महाधिवेशन समूहको "नेताहरू पछि पछि, जनता अघि अघि" भन्ने संश्लेषण त्यसपछिका आन्दोलनहरूमा पनि देखिएको थियो ।

०४६ देखि यताका तीन दशक बढीको राजनीतिक परिवेशमा भएका जनआन्दोलन तथा जनसंघर्षहरुलाई नियाल्दा विशेषगरी आन्दोलनको अन्त सम्झौतामा भएको देखिन्छ । बाह्य तथा भित्रि दबाबका बाबजुत भएका सम्झौता आन्दोलनको मर्मबाहिर पनि भएको पाइन्छ । जसको समीक्षा अनिवार्य देखिएको छ । पञ्चायत समाप्तिपछिका कालखण्डलाई हेर्दा, जनयुद्ध र २०६२/०६३ को आन्दोलन करिब सम्झौतामा टुंगिएको थियो । जसको प्रभाव अहिलेसम्म कायम छ ।

# सुडानको भोकमरी अझै बढ्ने चेतावनी



काठमाडौं/एजेन्सी- संयुक्त राष्ट्रसंघीय विश्व खाद्य कार्यक्रम (डब्लुएफपी)ले सुडानका जनताले सबै सम्भावित मानवीय कोरिडोरमार्फत सहायताको निरन्तर प्रवाह प्राप्त नगरेमा भोकमरीको संकट अझ बढ्न सक्ने चेतावनी दिएको छ । डब्लुएफपीका सुडानस्थित प्रतिनिधि एडी रोवले भने, 'यस्तो कमजोर अवस्थामा सुडानभरी भोकमरी कुपोषणको अकल्पनीय अवस्थाको सामना गर्नुपर्ने देखिएको छ ।'

चाडबाट मानवीय कोरिडोरको अस्थायी रोक, चलिरहेको लडाइँ, मानवीय कार्गोका लागि लामो निकासी प्रक्रियालगायतका अवरोध र सुरक्षा खतराहरूले मानवतावादीलाई सुडानमा आधारभूत खाद्यान्नको आवश्यकता पूरा गर्न आवश्यक कार्यक्रम सञ्चालन गर्न असम्भव बनाएको उनले उल्लेख गरे । रोवले खाना ढुवानीको लागि सबै कोरिडोरहरू खुला रहनु पर्ने बताउँदै चाडको आड्रे देखि पश्चिम डार्फर राज्यसम्म चरम भोकमरीको अवस्था रहेको बताए ।

विश्व खाद्य कार्यक्रम र यसका साझेदारहरूलाई तत्काल सुरक्षा ग्यारेन्टी गरी डार्फर राज्यमा खाद्य आपूर्ति गर्नमा सहजता ल्याई अति समस्यामा परेका व्यक्तिलाई खाद्यान्न वितरण गर्न सकिने उनले बताए ।

विश्व खाद्य कार्यक्रमले डार्फरमा अति आवश्यक खाद्यान्न र पोषण आपूर्ति कार्यक्रम पुऱ्याएको छ । उत्तर, पश्चिम र मध्य डार्फरमा तीव्र भोकमरीको सामना गरिरहेका करिब दुई लाख ५० हजार मानिसहरूका लागि खाना र पोषण सहायता बोकेका दुईवटा मालबहाक गाडी मार्चको अन्त्यमा चाडबाट डार्फरतर्फ सीमा पार गरेका थिए ।

सुडानी बन्दरगाहका अधिकारीहरूले फेब्रुअरीमा चाडबाट मानवीय कोरिडोर अनुमति रद्द गरेपछि यी मार्गहरू पुनः खोली लामो वार्तापछि डार्फर पुग्ने विश्व खाद्य कार्यक्रम सहयोगको यो पहिलो सीमापार प्रयास हो ।

संयुक्त राष्ट्रसंघका अनुसार सुडानको आधा जनसंख्या, लगभग दुई करोड ५० लाख मानिसहरूलाई मानवीय सहायता र सुरक्षा चाहिन्छ । लगभग एक करोड ८० लाख मानिसहरूले तीव्र खाद्य असुरक्षाको सामना गरिरहेका छन् ।

सन् २०२३ अप्रिल १५ देखि सुडानी सशस्त्र बल र अर्धसैनिक बलहरूबीच हिंसात्मक टकरावको सामना सुडानले गरेको छ । यसको परिणामस्वरूप ६३ लाख आन्तरिकसहित लगभग ८१ लाख व्यक्तिहरू विस्थापित भएका छन् । मानवीय मामिला समन्वयका लागि संयुक्त राष्ट्रसंघीय कार्यालयले मार्चमा दिएको प्रतिवेदनमा द्वन्द्वले लगभग १३ हजार नौ सयको ज्यान लिएको जनाएको छ ।

# इरानमा आइएस समूहका तीन संदिग्ध जिहादी पक्राउ

काठमाडौं/एजेन्सी- इरानको प्रहरीले मुसलमानहरूको पवित्र महिना रमजानको अन्त्यमा आक्रमण गर्ने योजना बनाएका इस्लामिक स्टेट (आइएस) समूहका तीन संदिग्ध सदस्यलाई पक्राउ गरेको सरकारी मिडियाले शनिबार बताएको छ ।

आधिकारिक आइआरएनए समाचार एजेन्सीका अनुसार उत्तरपश्चिमी प्रान्त अल्बोरेजको कारज सहरमा पक्राउ परेकाहरूमा मोहम्मद जकर पनि रहेका छन् । उनको पहिचान आइएस समूहको 'वरिष्ठ सदस्य' का रूपमा गरिएको थियो । 'रमजान समारोहको अन्त्यमा आत्मघाती आक्रमण गर्ने योजना बनाइरहेका इस्लामिक स्टेट समूहका तीन सदस्यलाई अल्बोरेज प्रान्तको प्रहरीले पक्राउ गरेको छ,' आइआरएनएले भनेको छ । पक्राउ कहिले गरिएको र पक्राउ पर्नेमा विदेशी नागरिक थिए वा थिएनन् भन्नेबारेमा तत्काल स्पष्ट भएको छैन ।

आइआरएनएले विस्तृत विवरण नखुलाई अन्य आठ 'सहयोगी'लाई पक्राउ गरिएको पनि जानकारी दिएको छ । स्थानीय सञ्चारमाध्यमहरूले मंगलबार पवित्र शहर कोममा दुई कथित आइएस सदस्य पक्राउ परेको बताएका छन् ।

आइएसले जनवरीमा ९० भन्दा धेरै व्यक्तिको ज्यान जाने गरी दक्षिणी इरानी सहर करमानमा भएको दोहोरो बम विस्फोटको जिम्मेबारी लिएको थियो । उक्त आक्रमण इराकमा अमेरिकी ड्रोन आक्रमणमा मारिएका शीर्ष रिभोल्युसनरी गार्ड्सका जनरल कासिम सुलेमानीको मृत्युको वार्षिकोत्सवमा आयोजित समारोहमा भएको थियो ।

इरानले वर्षौंदेखि जिहादी र अन्य आतंकवादी समूहहरूसँग लड्दै आएको छ । आइआरएनएले शनिबार पाकिस्तानसँगको सीमा नजिक जिहादीहरूले गरेको हालैको आक्रमणमा मारिएका 'शहीद'हरूको संख्या बढेर १६ पुगेको बताएको छ । मारिनेमा सबै सुरक्षा बलका सदस्य रहेका छन् ।

यसअघि सरकारी मिडियाले झडपमा १० सुरक्षाकर्मी र जैश अल-अदल जिहादी समूहका १८ सदस्य मारिएको बताएको थियो । सुन्नी मुस्लिम विद्रोही समूह जैश अल-अदलको स्थापना सन् २०१२ मा भएको थियो । उक्त समूहलाई इरान र अमेरिका दुवैले 'आतंकवादी' सङ्गठनका रूपमा सूचीकृत गरेका छन् ।

# युक्रेनको अन्तर्राष्ट्रिय मुद्रा सञ्चिति उच्च

**काठमाडौं/एजेन्सी–** युक्रेनको अन्तर्राष्ट्रिय मुद्रा सञ्चिति अप्रिल १ सम्म लगभग ४३.८ अर्ब अमेरिकी डलरको रेकर्डसहित उचाइमा पुगेको युक्रेनको केन्द्रीय बैंकले जनाएको छ । मार्चमा युक्रेनको विदेशी निक्षेप अन्तर्राष्ट्रिय सहायताको कारण १८ प्रतिशतले बढेको छ । युक्रेनले विदेशी साझेदारहरूबाट लगभग ९.३ अर्ब डलर प्राप्त गरेको थियो जसमा युरोपेली संघबाट ४.९ अर्ब डलर तथा विश्व बैंकबाट १.६ अर्ब डलर प्राप्त गरेको छ ।

मार्चमा युक्रेनले अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) का लागि आफ्नो दायित्व पूरा गर्न करिब ७२ करोड ८० लाख डलर र सार्वजनिक ऋणको सेवा र भुक्तानीका लागि करिब ३६ करोड ३० लाख डलर खर्च गरेको थियो । हाल, युक्रेनको अन्तर्राष्ट्रिय मुद्रा सञ्चिति करिब छ महिनाका लागि पर्याप्त छ ।

युक्रेनको विदेशी मुद्रा भण्डार सन् २०२३ मा ४०.५ अर्ब डलर रहेको छ जुन सन् २०२२ को तुलनामा ४२ प्रतिशतले बढी हो ।

# पाकिस्तानलाई आप्रवासी समस्या समाधान गर्न अफगानिस्तानको आग्रह



**काठमाडौं/एजेन्सी–** तालिबान सरकारका कार्यवाहक शरणार्थी तथा स्वदेश फिर्ता मामिला मन्त्रीले पाकिस्तानलाई अफगान आप्रवासीको मुद्दा द्विपक्षीय समझदारीसहित समाधान गर्न आग्रह गरेका छन् ।

गत वर्षको नोभेम्बरदेखि पाँच लाख ३५ हजार अफगान आप्रवासीलाई निस्कासन गरेको पाकिस्तानले आगामी अप्रिल १० देखि अफगान आप्रवासीलाई फिर्ताहरूको निष्कासनको दोस्रो चरण शुरु गर्ने योजना बनाएको हो ।

अफगान-तालिबान आप्रवासी मन्त्रालयका अनुसार मन्त्रालयका सहायक अब्दुल रहमान रशीदले बिहीबार काबुलमा पाकिस्तानी दूतावासका उपप्रमुख जुनैद वजिरीसँगको बैठकमा यस्तो आग्रह गरेका थिए । राशिदले पाकिस्तानका कूटनीतिज्ञलाई आप्रवासनसम्बन्धी निर्णय द्विपक्षीय र दुई राष्ट्रको आपसी सम्झौता अनुसार निर्णय गर्नुपर्ने जानकारी दिएका छन् ।

काबुलको विदेश मन्त्रालयमा आयोजित विभिन्न राष्ट्रका राजदूत र प्रतिनिधिहरू उपस्थित कार्यक्रममा तालिबानका उपप्रधानमन्त्री अब्दुल सलाम हनाफीले १० लाखभन्दा बढी अफगान आप्रवासीहरूलाई बलपुर्वक तथा स्वेच्छाले छिमेकी देशहरूबाट हटाइएको घोषणा गरे ।

यसै सन्दर्भमा एम्नेस्टी इन्टरनेसनलले स्वैच्छिक निर्णयले अन्तर्राष्ट्रिय मानव अधिकार कानुनको उल्लंघन हुने जिकिर गर्दै पाकिस्तानबाट अफगान आप्रवासीहरूलाई निष्कासन गर्ने योजना तत्काल रद्द गर्न आह्वान गरेको छ ।

अफगान शरणार्थीहरूको निष्कासन योजना, शरणार्थी अन्तर्राष्ट्रिय मानव अधिकार तथा शरणार्थी कानूनविपरीत हुने पीडितहरूको भनाइ छ । उनीहरूका अनुसार तालिबान नियन्त्रित अफगानिस्तानमा निर्वासित भएमा अफगान शरणार्थीहरूलाई उत्पीडन, गम्भीर मानव अधिकार उल्लंघन पाकिस्तानी अधिकारीहरूले गरेको कठोर अवहेलना हृदयविदारक छ । यसैबीच निर्वासन रोक्न विश्वव्यापी आह्वानलाई ध्यान नदिइ नवनिर्वाचित पाकिस्तानी सरकारले पनि अफगान नागरिक कार्ड (एसीसी) धारीलाई पनि निर्वासन अभियान विस्तार गरेको जेम्स जेनियनले दुखेसो गरेका छन् ।

अफगान आप्रवासीहरूको निष्कासनको दोस्रो लहर शुरु हुनलाग्दा पाकिस्तानमा रहेका अफगान आप्रवासीहरू आफ्नो भविष्यका बारेमा चिन्तित छन् । पाकिस्तानी प्रहरीले अफगान आप्रवासीलाई हिरासतमा राखी दुर्व्यवहार गरेको विषयमा उनीहरूले आपत्ति जनाएका छन् ।

पाकिस्तानबाट कागजातविहीन अफगान आप्रवासीहरूलाई निष्कासन गर्ने पहिलो चरण सन् २०२३ को नोभेम्बरमा शुरु भएको थियो । यसैगरी स्वदेश फिर्ती योजनाको नाममा दोस्रो चरण आगमी अप्रिल १० देखि शुरु हुने भएको छ । यसमा नागरिकता भएकाहरू पनि समावेश छन् ।


## SAUDI मा वैदेशिक रोजगारको अवसर

कम्पनी :MODERN SOLUTIONS COMPANY FOR METAL INDUSTRIES — शहर : TABUK

पूर्व स्वीकृत मिति: २०८०/१२/२२ — चलानी नं.: ६०२१७९३९ — LT. No.: 303106

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५३,२६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Manufacturing Worker | 4 | 0 | | 1500 | ५३,२६५ | | | | | | | |
| 3. | Painter | 1 | 0 | | 1500 | ५३,२६५ | | | | | | | |
| 4. | Smith | 1 | 0 | | 1500 | ५३,२६५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ बैशाख ३ गते (15 April 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

साउथ एशियन इम्प्लोएमेन्ट प्रा. लि.
"Co-operation for Creation..."
श्रम इजाजत नं. ६१०/०६२/०६३
एयरपोर्ट -०९, सिनामंगल, काठमाडौं, नेपाल
फोन: ०१-४५८२०९८, ०१-४५८२०९९. मोबाइल नं: ९८०११७७७७५
Email: saehrm@gmail.com, info@saenepal.com.np, Web: www.saenepal.com.np



## युएईमा रोजगार

कम्पनी: UNIQUE GROUP SOLAR ENERGY SYSTEM INSTALLATION CO. — शहर: UAE

पूर्व स्वीकृत मिति: २०८०/१२/२३ — चलानी नं.: ६०२१७९८६ — LT. No.: 303145

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,४५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cleaner | 5 | 0 | | 1000 | ३६,२१० | | | | | | | |
| 3. | Electrician | 5 | 0 | | 1200 | ४३,४५२ | | | | | | | |
| 4. | Helper | 25 | 0 | | 800 | २८,९६८ | | | | | | | |
| 5. | Plumber | 5 | 0 | | 1200 | ४३,४५२ | | | | | | | |
| 6. | Roof Access Cleaner | 5 | 0 | | 1200 | ४३,४५२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ बैशाख २ गते (14 April 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

AAYUSH OVERSEAS PVT. LTD.
Govt.Lic.No. 1341/074/075
Sinamangal-09, Kathmandu | Tel: 01-015918559, 9823834848, 9824714860
Email: aayushoverseas123@gmail.com | Web: www.aayushoverseas.com.np



## जापानमा वैदेशिक रोजगारको अवसर

कम्पनी : KANSAI KEIZAI KORYUKAI COOPERATRATIVE SOCIETY — शहर : Japan,KYOTO

पूर्व स्वीकृत मिति: २०८०/१२/२२ — चलानी नं.: ६०२१७९६० — Lt. No.: 303103

| सि. न. | कामदारको पद | माग संख्या (महिला) | मासिक तलब JapaneseYEN | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Food Manuacturing | 3 | 208000 | १८२,६२४ | क. नि. अनुसार | ७ घण्टा | ५ दिन | क.नि अनुसार | छैन | छ | ३ वर्ष |

कम्पनी : GOKEI CLOUD COOPERATIVE SOCIETY — शहर : Japan, Gunma

पूर्व स्वीकृत मिति: २०८०/१२/२३ — चलानी नं.: ६०२१७९५८ — Lt. No.: 303163

| सि. न. | कामदारको पद | माग संख्या (महिला) | मासिक तलब JapaneseYEN | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Machine Operation | 1 | 162517 | १४२,६९० | क. नि. अनुसार | ७ घण्टा | ५ दिन | क.नि अनुसार | छैन | छ | ३ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ बैशाख २ गते (14 April 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. ४०,०००/- कामदारले तिर्ने |

**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरीक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) निर्माण सम्वन्धि कामको निमित्त सम्वन्धित उद्योग, उद्यम वा सम्वन्धित विषयको संस्थामा कम्तिमा दुई वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने। (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

**दरखास्त साथ पेश गनुपर्ने आवश्यक कागजातहरू:**
**(क) नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्वन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखीकरण तालिम लिएको सक्कल प्रमाण पत्र । (छ) नेपालमा आफु कार्यरत रहेको सम्वन्धित उद्योग प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि सम्वन्धित उद्योगमा नै काम गर्ने भनी आफु कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्वन्धि कागजको प्रतिलिपि ।**

**१) दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति** : स्थान यस प्रालिको कार्यालय, यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र
**२) प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवद्धन खर्च समेतको ) कुल खर्च** : रु ४०,०००/-
**३) प्रशिक्षार्थी छनौट गर्ने तरीका, मिति र स्थान, छनौट तरिका, अन्तर्वार्ता** : प्रा. लि. को कार्यालय, अन्तर्वार्ताको मिति पछि तय गरिनेछ ।
**नोट** : वैदेशिक रोजगार ऐन २०६४ को दफा ९ वमोजिम महिला, दलित, आदिवासी, जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवंम दुर्गम क्षेत्र तथा दैविक प्रकोप पिडित व्यतिलाई नेपाल सरकारले तोके वमोजिमको संख्यामा आरक्षण प्रदान गरिनेछ ।

**बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी** :
१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोस् । आफुले बुझाएको रकमको भपाई अनिवार्य रुपमा लिनुहोस् ।
२) आफु काम गर्ने जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् ।
३) यस विज्ञापन सुचनामा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोस् ।
४) विदेश जानुअघि अभिमुखीकरण तालीम अनिवार्य लिनुहोस् ।
५) अनिवार्य रुपमा विमा गराउनुहोस् ।
६) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोस् । सोको एक प्रति आफुसँग राख्नुहोस् ।
७) श्रम स्वीकृतिविना वैदेशिक रोजगारीमा नजानुहोस् । वैदेशिक रोजगारमा जाँदा नेपालका एयरपोर्ट प्रयोग गर्नुहोस् । बैदेशिक रोजगारमा कुनै दलालको भनाईमा विश्वास नगर्नूहोस् । इजाजतप्राप्त रोजगार प्रा.लि.मा आफै गई आवश्यक कुरा बुझ्नुहोस् । अन्यथा ठगिने सम्भावना हुन्छ ।
८) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग तीनकुनेमा सम्पर्क राख्नुहोस् ।
९) काम गर्न गएको कम्पनी छाडी वा भागी अन्यत्र नजानुहोस् ।
१०) काम गर्न गएको मुलुकमा कानुन पालना गर्नुहोस् ।
११) करार अवधि सकिएपछि स्वदेश फर्कनुहोस् ।

■ **जापानिज भाषा स्पष्टसँग बोल्न, पढ्न र लेख्न सक्ने हुनु अनिवार्य छ ।**

क्यापिटल इन्टरनेशनल मेनपावर प्रा. लि.
श्रम इजाजत नं: ५४३/०६१/०६२
बसुन्धारा, काठमाडौं, फोन नं.: ४९५९७७२, ४९८४१९०, ४९८४१९१
मोबाइल ९८५१०९९३००, ९८१६७९७९७८, ९८२३८३१६२९, ९८१८३०६३३६, ९८१०२१९३४५
फ्याक्स नं.: ४३८३६२७ , Email: capital2004@yahoo.com

" Real Happiness Lies in Making Other Happy"



## Jantedhunga Rural Municipality
## Office of the Rural Municipal Executive

Chisapani, Khotang
Koshi Province, Nepal

**Invitation for Bid**

**Date of publication: 2080/12/25 (April 07, 2024)**

1. Jantedhunga Rural Municipality, Khotang invites electronic bid from eligible bidders for the following project as per details given below.

| Contract ID | Name of Project | Bid Document Fee | Bid Security Amount | Bank Detail For Bid Document Fee | Bank Detail For Bid Security | Last Bid Submission Date & Time |
|---|---|---|---|---|---|---|
| JRM/WORK/ NCB/ 06/2080/81 | HONGMAPOKHARI-BUWAKHOLA-BOPUNG SADAK NIRMAN TATHA STORANATI-III | NRs. 3000 | NRs- 1,30,000 | For Bid Document Fee<br>Name of the Bank: Agriculture Development Bank<br>Name of Office: Jantedhunga Rural Municipality, Khotang<br>Office Account No.: 1125201754693014 | For Bid Security<br>Name of the Bank: Agriculture Development Bank<br>Name of Office: Jantedhunga Rural Municipality, Khotang<br>Office Code No.: 801010806<br>Office Account No.: 1125201754693091 | 07/05/2024 & 12:00PM |

2. Bidders may obtain further information from the office of Jantedhunga Rural Municipality, Chisapani, Khotang during office hours or may visit PPMO website: www.bolpatra.gov.np/egp under the name of public entity, "Jantedhunga Rural Municipality, Khotang"
3. Other mandatory information will be as per Public Procurement Act 2063 and Public Procurement Regulation 2064 (Ammended).

**Chief Administrative Officer**

# बक्स अफिस समाचार

## ‘मनसरा’को अष्ट्रेलिया तथा मध्यपूर्व प्रदर्शन अधिकार बिक्री

**काठमाडौं/मस–** उपेन्द्र सुब्बाको दोस्रो कथानक फिल्म ‘मनसरा’को अष्ट्रेलिया र मध्यपूर्व प्रदर्शन अधिकार बिक्री भएको छ । यी दुवै डायस्पोराका लागि सेभेन सिजले अधिकार किनेको हो । सेभेन सिजले यो फिल्मलाई अमेरिकामा पनि वितरण गर्नेछ ।

शनिबार निर्देशक सुब्बा र सेभेन सिजका प्रतिनिधि रमेश चौलागाईंले वितरणसम्बन्धी सम्झौतामा हस्ताक्षर गरे ।

आगामी वैशाख २१ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्ममा दयाहाङ राई, मिरुना मगर, प्रवीण खतिवडा, मेनुका प्रधान, शान्ति गिरी, लोकमणि सापकोटा, विद्या कार्की, लक्ष्मण विक्रम बस्नेत लगायतको अभिनय छ । निर्देशक सुब्बाकै लेखन रहेको फिल्मका निर्माता शैलेन्द्र ध्वज कार्की हुन् ।



उनी छायाँकार समेत हुन् । फिल्मले नेपालसँगै विदेशमा राम्रो व्यापार गर्ने प्रक्षेपण गरिएको छ ।

फिल्मले अन्तरजातिय र विवाहेत्तर सम्बन्धको कथा पेश गर्छ । फिल्मको शीर्ष भूमिकामा प्रवीण र मिरुना छन् । अघिल्लो फिल्म ‘जारी’मा पनि निर्देशक सुब्बाले समुदायको कथालाई उठाएका थिए ।

फस्टलुक टिजर सार्वजनिक भएदेखि नै यो फिल्मले चर्चा पाउन थालेको छ । उक्त चर्चाले फिल्मको देश तथा अन्तर्राष्ट्रिय वितरणमा लाभ मिल्ने आशा निर्माताले लिएका छन् ।

### सार्वजनिक सूचना

जिल्ला सिरहा गा.वि.स. माडर वडा नं. ४ हाल न.पा. सिरहा वडा नं. १७ बस्ने सत्य नारायण प्रसाद साह तेली, ओम नारायण प्रसाद साह तेली, राम नारायण प्रसाद साह तेली, अरुण कुमार साह तेली, आशिष शाह, मनोज कुमार साह तेली, कुमार नविन, श्रेया कुमारी, रश्मि शाह समेतका व्यक्तिहरुले मालपोत कार्यालय लहान तथा सिरहा समेतमा जग्गा सम्बन्धी कामकाज गर्न गराउनको लागि हामी जिल्ला सप्तरी गा.वि.स. ब्रह्मपुर वडा नं. १ हाल डाक्नेश्वरी न.पा. वडा नं. ७ बस्ने लक्ष्मण मंडलको नाति गुल्टेन मंडलको छोरा अन्दाजी वर्ष ६२ को शत्रुधन मंडललाई दिइएको वारेसनामा आजको मिति २०८०/१२/२५ देखि यसै सूचनाबाट खारेज गरिदिएको सबैमा जानकारी गराइन्छ ।

**बोधार्थ :** (१) **श्री मालपोत तथा भूमिसुधार कार्यालय, सिरहा**
(२) **श्री नापी कार्यालय, सिरहा**
(३) **श्री मालपोत कार्यालय, लहान**
(४) **श्री नापी कार्यालय, लहान**

## ‘अवधी लोक गीत–संगीत संरक्षणमा बजेट विनियोजन गर्छौं’

**शहबाज खान/मध्यान्ह**
कपिलवस्तु, २४ चैत

कपिलवस्तुको महराजगञ्जमा अवध जागरण मिडिया प्रा.लि.को आयोजना तथा महराजगञ्ज नगरपालिका वडा नं. ३ को सहयोगमा अवधी लोक गीत-संगीत संरक्षण कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रमको प्रमुख अतिथिमा प्रतिनिधि सभा सदस्य तथा पूर्वमन्त्री सुरेन्द्रराज आचार्य तथा विशिष्ट अतिथिमा महराजगञ्ज नगरपालिकाका प्रमुख अब्दुल कलाम खांलगायत रहेका थिए ।

महराजगञ्ज नगरपालिका वडा नं ३ जमुनीमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि पूर्वमन्त्री आचार्यले अवधी लोक गीत-संगीत संरक्षण गर्नुपर्ने बताए । लुम्बिनीमा भाषाको रुपमा प्रयोग हुने अवधी भाषा दोस्रो स्थानमा रहेको बताए । अवधी लोक गीत-संगीत संरक्षण कार्यक्रमका आयोजक तथा कार्यक्रममा उपस्थित भएका सबै कलाकार, दर्शकहरुलाई उनले धन्यवाद दिए । आउने दिनमा पनि आफ्नो संस्कृतिलाई जोगाउनका निम्ति यस्ता कार्यक्रमहरुको आवश्यकता रहेको पूर्वमन्त्री आचार्यले बताए ।

कार्यक्रमलाई सम्बोधन गर्दै नगरपालिकाका प्रमुख खांले अवधी भाषा तथा लोकगीत संगीत संरक्षणका लागि आगामी आर्थिक वर्षमा बजेट विनियोजन गर्ने बताए । खांले अवधी भाषामा सम्बोधन गर्दै भने, ‘अवधी भाषा कय हम संरक्षण करब, आप सबलोग साथ दिहा जाय ।’ नगरप्रमुख खांले अवधी भाषा संरक्षण गर्न नगरपालिका तत्पर रहेको बताए ।

नेपाल अवधी पत्रकार संघ कपिलवस्तुका अध्यक्ष तथा अवध जागरण मिडिया प्रा.लि.का अध्यक्ष निरहु यादवले भाषा आयोगले निर्धारण गरेको नीति स्थानीय तहले अवलम्बन गर्नुपर्ने बताए ।




अध्यक्ष यादवले भने, ‘स्थानीय तहले भाषासम्बन्धी नीति नबनाएर चलनचल्तीमा अवधी भाषा प्रयोगमा नआउँदा जनप्रतिनिधिबाट नै हामी ठगिएका छौं ।’

कार्यक्रमलाई सम्बोधन गर्ने वक्ताहरुले अवधी भाषा संरक्षण गर्नुपर्नेमा जोड दिए । कार्यक्रममा त्यस क्षेत्रका स्थानीय अवधी भाषी कलाकारहरुले आफ्नो कला प्रस्तुत गरेको अवध जागरण मिडियाका अध्यक्ष यादवले जानकारी दिए । स्थानीय कलाकारहरुले धोबियवा, कहरवा, फगुवा, चैता, कजरी, सोहर, विवाहलगायतका गीत गाएका थिए ।

## तामाङ सेलोको ‘ओइ सोल्टिनी’ सार्वजनिक




**काठमाडौं/मस–** गायक अयुमी तामाङको तामाङ सेलोको म्युजिक भिडियो ‘ओइ सोल्टिनी’ सार्वजनिक भएको छ । नेपाली सेनाका उपरथी डा आशबहादुर तामाङको गीत तथा संगीत रहेको उक्त म्युजिक भिडियोको निर्देशन अनिश क्षेत्रीले गरेका हुन् । अयुमी तामाङ, सिद्धार्थ सिल्वाल, अनिश क्षेत्रीलगायतको अभिनय रहेको सो म्युजिक भिडियो युट्युबमार्फत सार्वजनिक गरिएको हो ।

नेपाली लोकभाका तामाङ सेलोको संरक्षण एवं नयाँ पुस्तालाई लोकभाकाप्रति चाख जगाउनु रहेको गीतकार डा तामाङले बताए । अष्ट्रेलियामा अध्ययनरत अयुमी हजुरआमा धनमाया तामाङको विँडो थाम्ने सिलसिलामा ‘ओई सोल्टिनी’को म्युजिक भिडियोका लागि काठमाडौं आएका थिए ।

उनी अष्ट्रेलियामा आधुनिक पप गीत समेत गाउँदै आएका छन् । अयुमीका पिता आशबहादुर खासगरी लोकगीतका साथै राष्ट्रियता र प्रकृति संरक्षणसम्बन्धी गीत लेखनमा स्थापित छन् ।

**Province Government**
**Ministry of Water Resource and Energy Development**
**Water Supply, Irrigation and Energy Development Directorate**

### Water Supply, Irrigation and Energy Development office

**Karnali Province**
**Salyan, Nepal**

### Invitation for Electronic Bids

**(First Date of Publication: 2024-04-07 (2080-12-25 BS))**

1. Water Supply Irrigation and Energy Development office, Salyan invites bids from Nepalese eligible bidders for Supply of Goods. Bidding Documents may be downloaded from PPMO's Website www.bolpatra.gov.np/egp. Bidders should deposit the cost of bidding document and Bank voucher shall be uploaded by the bidder at the time of submission of the bids. Information to deposit the fee of bidding document is given below:
   Name of the Bank : Nepal Bank Ltd ,Salyan
   Name of Office: Water Supply, Irrigation and Energy Development office, Salyan
   Office Code no. : 3080160016 Office Account no.: 27502000001001000001
   Rajaswa (revenue) Shirshak no. : 14229
2. E-bids must be submitted through e-GP system www.bolpatra.gov.np/egp on or before 12 hrs on 4th April 2024. The bids will be opened at 13 hrs on 4th April 2024. Bids must be accompanied by bid security.The bid security may also be in form bank voucher issued by Nepal Bank, Salyan certifying security amount is deposited at bank account no 07402000002003000001(Pradesh Dharauti Khata) of Pradeshlekha Niyantrak Ikai Karyalaya, Salyan.
3.

| S N | Contract I.D | Description and Location of Work | Fee for bid document (NRs) | Bid Security amount in (NRs) |
|---|---|---|---|---|
| 1. | SQ/WSIEDOS/03/GOODS/080-81 | Supply and delivery of HDPE pipes | 1000 | 50000 |
| 2 | SQ/WSIEDOS/04/GOODS/080-81 | Supply and delivery of HDPE pipes | 1000 | 50000 |
| 3 | SQ/WSIEDOS/05/GOODS/080-81 | Supply and delivery of HDPE pipes | 1000 | 30000 |
| 4 | SQ/WSIEDOS/06/GOODS/080-81 | Supply and Delivery of Electro-Mechanical Items | 1000 | 50000 |
| 5 | SQ/WSIEDOS/07/GOODS/080-81 | Supply and Delivery of Electro-Mechanical Items | 1000 | 30000 |

**Office Chief**

### श्री ज्ञानेश्वर माध्यमिक विद्यालय

**पाटन–९, बैतडी**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशित मिति : २०८०/१२/२४**

यस कार्यालयबाट मिति २०८०/११/१६ गते प्रथम पटक आह्वान गरेको बोलपत्र सूचना अनुसार PPMO Website www.bolpatra.gov.np/egp मा रीतपुर्वक दर्ता भई म्यादभित्र प्राप्त हुन आएका बोलपत्रहरु मध्ये उल्लेखित बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भएकोले स्वीकृतको लागि छनौट भएको हुँदा सार्वजनिक खरिदऐन २०६३ को दफा २७ उपदफा २ र सोही ऐन को दफा ४७ को प्रयोजनार्थ यो सूचना सम्बन्धित बोलपत्रदाता तथा सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

| बोलपत्र सूचना नं. | सार्वजनिक निर्माण कार्यको बिवरण | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम रु. (VAT र PS सहित) |
|---|---|---|---|
| NCB/GSS/W-01/2080/81 | Constriction Of Canteen For Gyaneshwor Secondary School, Patan 9, Biajyapur, Baitadi | श्रीकृष्ण मेडिकल हल सप्लायर्स / श्री कृष्ण निर्माण सेवापा.न.पा. ०६, बैतडी | २७,२०,२६९।७७ |

**प्रधानाध्यापक**


## MALAYSIA मा रोजगार | कम्पनी: Prozas Security (M) Sdn Bhd

शहर: KUALA LUMPUR

पूर्व स्वीकृत मितिः २०८०/०९/२९ चलानी नं.६०२१२९४६ LT. No.: 297917 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 138 | 0 | स. काममा दक्ष | 1500 | ४२,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ बैशाख ४ र ८ गते (16 & 20 April 2024) मा हुनेछ ।**
**अन्तर्वार्ता टुरिष्ट होटेल इटहरीमा २०८१ बैशाख ६ गते (18 April 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**K.S.B. International Pvt. Ltd.**
Govt. Lic. No. 1394/074/075
Sinamangal, Kathmandu, Nepal, Tel.: 01-4584933, Mo. 9866241297
Itahari : 9816331813
E-mail : info@ksbinternational.net, Web.: www.ksbinternational.net

## साउदीमा रोजगार कम्पनी : ABDULLA NASS & PARTNER CO.

शहर: DAMMAM

पूर्व स्वीकृत मितिः २०८०/०५/०८ चलानी नं.: ६०२०६८५९ L.T. No.:291603 पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Crane Worker | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५३,१७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Heavy Equipment Driver | 8 | 0 | | 1800 | ६३,८१० | | | | | | | |

**कम्पनी : RALEEN TOURIST HOTEL** शहर: Tabuk

पूर्व स्वीकृत मितिः २०८०/१२/२२ चलानी नं.: ६०२१७९३० L.T. No.: 303091

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Housekeeping worker | 3 | 0 | स. काममा दक्ष | 1200 | ४२,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८१ बैशाख २ गते (14 April 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**EQUATOR INTERNATIONAL (P.) Ltd.**
LIC. NO. 746/064/065
कार्यालय: गोंगबु चोक, काठमाडौं, नेपाल Tel No: 014986469 / 014986470
Mob. No: 9851096808, 98510-34986, 9851011886
Email: equator746@gmail.com | Website: www.equatorintl.com

## UAE मा रोजगार | कम्पनी :HANLIM ENGINEERING & CONSTRUCTION CO LTD

शहर : UAE

पूर्व स्वीकृत मितिः २०८०/१२/२२ चलानी नं.: ६०२१७९३३ LT. No.: :302615

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Welder | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,५२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Electricians | 3 | 0 | | 1200 | ४३,५२४ | | | | | | | |
| 3. | Bricklayer Assistant | 5 | 0 | | 1000 | ३६,२७० | | | | | | | |
| 4. | Construction Carpenter | 10 | 0 | | 1200 | ४३,५२४ | | | | | | | |
| 5. | Blacksmith | 6 | 0 | | 1200 | ४३,५२४ | | | | | | | |
| 6. | Carpenter Assistant | 10 | 0 | | 1000 | ३६,२७० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ बैशाख २ गते (14 April 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**लिभरपुल एच. आर. शोलुशन प्रा. लि.**
**Liverpool H.R. Solution Pvt. Ltd.**
Swoyambhu-15, Kathmandu, Tel : 01-5382303
Mob. : 9851013724, 9851149144.
Email : info@liverpoolhrsolution.com, Web.: www.liverpoolhrsolution.com
श्रम इजाजत पत्र नं.: १४१५/०७४/०७५

## कतारमा रोजगार | कम्पनी: WADI MALUK LIL TANZIFAT

शहर: QATAR

पूर्व स्वीकृत मितिः २०८०/१२/२३ चलानी नं.: ६०२१७९८९ LT. No.: 303188

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Clean Worker | 0 | 2 | स. काममा दक्ष | 1000 | ३६,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ बैशाख २ गते (14 April 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Radium International Employment Services Pvt. Ltd.**
श्रम इजाजत नं. ९६८/०६७/०६८
Baneshwor, Kathmandu, Tel. : 4489492 , 01-4485172
Email: info@radiumemployment.com, Web.: www.radiumemployment.com

# तीर्थलाई लुम्बिनी पिस म्याराथनको उपाधि




**भैरहवा/मस–** गौतमबुद्धको जन्मस्थल लुम्बिनीमा सम्पन्न भएको अन्तर्राष्ट्रिय पिस म्याराथनको सबै पुरस्कार नेपाली धावकले जितेका छन् । नेपाल, चीन, पाकिस्तान र श्रीलंकाका धावकहरु सहभागी म्याराथनमा पुरुषतर्फको म्याराथनको उपाधि बाग्लुङका तीर्थ पुनले जितेका छन् । पुनले निर्धारित ४२ दशमलव एक सय ९५ किलोमिटरको दुरी दुई घण्टा २० मिनेट ४९ सेकेन्डमा पार गर्दै स्वर्ण पदकसँगै नगद रु पाँच लाख प्राप्त गरे ।

सोही दुरी दुई घण्टा २१ मिनेट ११ सेकेन्डमा पार गर्दै नेपाली सेनाका खड्कबहादुर खड्काले द्वितीय स्थान हासिल गरे । उनले नगद रु तीन लाख पुरस्कार प्राप्त गरे । कर्णालीका दुर्गाबहादुर बुढाले दुई घण्टा २२ मिनेट ४६ सेकेन्डमा दुरी पार गर्दै तृतीय स्थान प्राप्त गरे । उनले रु दुई लाख प्राप्त गरे ।

प्रतियोगितामा अनिस थापा चौथो (रु एक लाख हजार), किरण बोगटी पाँचौं (रु ८० हजार), सुशीलकुमार शाही छैटौं (रु ६० हजार), होमलाल श्रेष्ठ सातौं (रु ४० हजार), जुनेश खड्का आठौं (रु २० हजार), राजन चौधरी नवौं (रु १० हजार) र प्रकाश गैरेले दशौं स्थान (रु पाँच हजार) हासिल गरे ।

अन्तर्राष्ट्रिय म्याराथनअन्तर्गत महिलातर्फको २१ किलोमिटरको हाफ म्याराथनको उपाधि सन्तोषी श्रेष्ठले जितिन् । श्रेष्ठले निर्धारित उक्त दुरी एक घण्टा १८ मिनेट ४५ सेकेन्डमा पूरा गर्दै उपाधि जितेकी हुन् । त्यस्तै, नेपाली सेनाकी पूर्णराज्यलक्ष्मी न्यौपानेले एक घण्टा १९ मिनेट २१ सेकेन्डमा दुरी पार गर्दै दोस्रो स्थान र एपिएफकी पुष्पा भण्डारीले एक घण्टा २५ मिनेट १४ सेकेन्ड लिँदै तेस्रो स्थान हासिल गरे ।

विजेता श्रेष्ठले रु दुई लाख, न्यौपानेले रु एक लाख ६० हजार तथा भण्डारीले रु एक लाख २० हजार नगद पुरस्कारसहित प्रमाणपत्र प्राप्त गरे । पाँच किलोमिटरको विद्यालय छात्रातर्फ अरुणा चौधरी प्रथम, कुसुम ठगुना द्वितीय र भुमा चौधरी तृतीय हुन सफल भए । छात्रतर्फ उमेश बरई प्रथम, सन्देश पाण्डे द्वितीय र आशिषकुमार क्षेत्रीले तृतीय स्थान हासिल गरे ।

खुला पाँच किलोमिटर पुरुषतर्फ नागेश्वर ऐर प्रथम, अक्कलबहादुर पाल द्वितीय र गणेशसिंह राउत तृतीय भए । पाँच किलोमिटर दौडको महिलातर्फ सिर्जना पाण्डे प्रथम, आशा राउत द्वितीय र निर्मला केसी तृतीय भएका थिए । पाँच किलोमिटरको सबै विधामा प्रथम, द्वितीय र तृतीय हुनेले क्रमशः जनही रु १५, रु १० र रु पाँच हजार पुरस्कार प्राप्त गरे ।

नेपाल ओलम्पिक कमिटीले बुद्ध जन्मस्थलमा सामान्य वाकाथुन हुँदै शुरु गरेको लुम्बिनी अन्तर ष्ट्रिय म्याराथन भविष्यमा विश्वकै उत्कृष्ट म्याराथन हुने कमिटीका अध्यक्ष जीवनराम श्रेष्ठले बताए । लुम्बिनीमा आयोजना भएको अन्तर ष्ट्रिय म्याराथनको छुट्टै महत्व रहेको जनाउँदै खेलका माध्यमबाट पर्यटन एवम् लुम्बिनीको प्रवर्द्धन हुने उनको भनाइ छ ।

'यस पटकदेखि लुम्बिनी अन्तर ष्ट्रिय शान्ति म्याराथनमा नेपाल ओलम्पिक कमिटीसँगै, नेपालस्थित चिनियाँ राजदूतावास, लुम्बिनी विकास कोष, नेपाल पर्यटन बोर्ड र लुम्बिनी प्रदेश खेलकुद परिषद्ले पनि हातेमालो गरेको हुँदा म्याराथनको गरीमासँगै प्रचार पनि भएको छ,' श्रेष्ठले भने ।

लुम्बिनी स्क्वायरबाट शुरु भइ भैरहवासम्म आएर पुनः लुम्बिनी स्क्वायरमा आएर दौड टुंगिएको थियो । लुम्बिनीबाट भैरहवा एसओएससम्म र त्यहाँबाट पुनः लुम्बिनी पुगेर टुंगिने गरी लुम्बिनी अन्तर्राष्ट्रिय शान्ति म्याराथनको रुट तय भएको थियो । ४२ दशमलव एक सय ९५ मिटर दुरीको म्याराथनको दुरी प्रमाणीकरणका लागि अन्तर ष्ट्रिय संस्था एम्स (एसोसिएसन अफ इन्टरनेसनल म्याराथुन एन्ड डिस्टेन्स रेसेज) का प्रतिनिधि आएर मापन गरेको थियो ।

आइएएफ (इन्टरनेसनल एथलेटिक्स फोरम) र एम्सले संयुक्तरुपमा प्रमाणपत्र दिएपछि अन्तर्राष्ट्रिय म्याराथनको क्यालेन्डरमा सूचीकृत भएको छ । लुम्बिनी म्याराथन प्रमाणीकरण भएसँगै नेपालमा अन्तर्राष्ट्रियस्तरमा मान्यता पाएको चार वटा म्याराथन भएका छन् । यसअघि काठमाडौं म्याराथन, पोखरा म्याराथन र नेपालगञ्ज म्याराथनले अन्तर ष्ट्रिय म्याराथनको मान्यता पाइसकेका छन् ।

# आफ्नै रेकर्ड तोड्दै अर्जुन बने विजेता




**काठमाडौं/मस–** खेल पर्यटनलाई प्रवर्द्धन गर्द नेपालकै लामो ट्रेल रेस प्रतियोगिता 'मञ्जुश्री ट्रेल रेस' अन्तर्गतको चौथो संस्करण सम्पन्न भएको छ । प्रतियोगिताका विभिन्न चरणका रेसमध्ये सबैभन्दा लामो एक सय माइलको रेसमा यसअघिको आफ्नै रेकर्ड तोड्दै अर्जुन कुलुङ राई विजेता बनेका छन् ।

उनले २६ घण्टा ५० मिनेट १५ सेकेन्डमा रेस पूरा गर्दै उपाधि जित्न सफल भएको मञ्जुश्री ट्रेल रेसका अध्यक्ष सुवाश थापाले जानकारी दिए । यससँगै कुलुङले सन् २०२२ मा ३१ घन्टा १० मिनेट ५७ सेकेण्डको आफ्नै रेकर्ड तोडेका हुन् ।

यस्तै बेलायतका अलिस्टेयर मेस्सनले २८ घण्टा २८ मिनेट ३५ सेकेण्डमा रेस पूरा गरी उपविजेता बन्दा ३३ घण्टा ५७ मिनेट ४० सेकेन्डमा रेस पूरा गर्दै विजय मगर तेस्रो भएका छन् ।

सय किलोमिटर रेस १४ घण्टा ४५ मिनेट २० सेकेन्डमा पार गर्दै पुरुषतर्फ मन कुमार रोका मगर विजेता बने । यस्तै १६ घण्टा ४६ मिनेट ४८ सेकेन्डमा रेस पूरा गरेर फुर्पासिंह तामाङ दोस्रो र १६ घण्टा ५४ मिनेट १७ सेकेन्डमा रेस पूरा गरेर अविनाश देवकोटा तेस्रो भए ।

५० किलोमिटर रेस ७ घण्टा १७ मिनेट २५ सेकेन्डमा पार गर्दै पुरुषतर्फ हरिलाल सिंह र महिलातर्फ ८ घण्टा २२ मिनेट ५ सेकेन्डमा पार गर्दै प्रिया राई विजेता बने । यस रेसमा पुरुषतर्फ निम्साङ लिम्बु र महिलातर्फ रसिला तामाङ क्रमशः ७ घण्टा १८ मिनेट ११ सेकेन्डमा र ९ घण्टा १३ मिनेट ६ सेकेन्डमा रेस पूरा गरेर दोस्रो भएका छन् ।

यस्तै पुरुषतर्फ दिपेश तामाङ र महिलातर्फ छोकी शेर्पाले क्रमशः ८ घण्टा ४ मिनेट ३६ सेकेन्डमा र ९ घण्टा १६ मिनेट ४५ सेकेन्डमा रेस पूरा गरेर तेस्रो भए । यस संस्करणमा १०० माइल, १०० किमि र ५० किमिका खेलको पाँचौं स्थान भित्र आउने खेलाडी स्वतः एसिया ट्रेल मास्टर्समा क्वालिफाइ भएको समेत अध्यक्ष थापाले जानकारी दिए । उनका अनुसार यी धावकहरूले मलेसियामा आगामी सेप्टेम्बर १४ मा हुने एटिएम फाइनल रेसमा प्रतिष्पर्धा गर्नेछन् ।

त्यस्तै ३० किलोमिटर रेस ४ घण्टा ४९ मिनेट ४८ सेकेन्डमा पार गर्दै उबिन मल्ल विजेता बने । यस्तै ४ घण्टा ५७ मिनेट २९ सेकेन्डमा रेस पूरा गरेर लुकास सेर्डन उपविजेता बन्दा ४ घण्टा ५७ मिनेट ४५ सेकेन्डमा रेस सम्पन्न गरेर एण्ड्रयु एलकक तेस्रो भएका छन् ।

यस्तै महिलातर्फ अमेरिकाकी कार्ली एण्ड्रेसन राट्ली ६ घन्टा ४५ मिनेट २१ सेकेण्डमा रेस पूरा गर्दै महिलातर्फको ३० किलोमिटर रेसको विजेता बनेकी छन् । बेलायतकी जेन्नी चाप्लिनले ७ घन्टा १९ मिनेट ४८ सेकेण्डमा ३० किमी रेस पूरा गरेर उपविजेता बन्दा अमेरिकाकी एरिका मिक्सले ७ घण्टा २० मिनेट ५० सेकेण्डमा दौड पूरा गरेर तेस्रो बनिन् ।

१० किलोमिटर रेस एक घण्टा २ मिनेट ५ सेकेन्डमा पार गर्दै कुलबहादुर बस्नेत प्रथम भए ।


## त्रिनेत्र बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको
## विशेष साधारण सभा सञ्चालन सम्बन्धि सुचना

मिति २०८०/१२/१९ गते सोमवार बसेको यस संस्थाको सञ्चालक समितिको बैठकको निर्णय अनुसार संस्थाको विशेष साधारण सभा तपसिलमा उल्लेखित मिति, समय र स्थानमा गरिने भएकोले उपस्थितिको लागी सम्पुर्ण शेयर सदस्यज्यूहरुमा सादर अनुरोध गर्दछु ।

**साधारण सभा हुने समय, मिति र स्थान**

**मिति** : २०८१/०१/१० गते, सोमवार
**स्थान** : संस्थाको कार्यालय, पुरानो बानेश्वर, काठमाण्डौ ।
**समय** : दिनको ठिक ३:०० वजे ।

**बार्षिक साधारण सभामा छलफल हुने प्रस्तावित विषयहरु:**

१. सञ्चालक समितिको निर्वाचन गर्ने सम्बन्धमा ।
२. विविध ।

**नेपाल सरकार**
**गृह मन्त्रालय**
## जिल्ला प्रशासन कार्यालय
**मन्थली, रामेछाप**

**प्रमाणित गरिएको सम्बन्धमा**

**दोस्रो पटक प्रकाशित मितिः– २०८०/१२/२५**

रामेछाप जिल्ला दोरम्बा शैलुङ्ग गाउँपालिका वडा नं. २ (साविक दोरम्बा गा.वि.स. वडा नं. ३) बस्ने चन्द्र बहादुर तामाङ (Regimental No. 9406781) ले आफ्नो एकमात्र श्रीमती विनु तामाङ (ना.प्र.नं. ५३६८) को नेपाली नागरिकताको प्रमाण पत्रमा नाम थर विरु तामाङ (Biru Tamang) र भारतीय पेन्सन पट्टामा नाम थर विनु तामाङनी (Binu Tamangani) भई फरक परेको हुँदा उल्लेखित नामथर भएको व्यक्ति फरक फरक नभई एकै भएको प्रमाणित गरी पाउँ भनी नागरिकताको प्रमाण प्रमाण पत्रको फोटोकपी, पेन्सनपट्टाको फोटोकपी, वडा कार्यालयको सिफारिस समेत संलग्न राखी निवेदन दिएको हुँदा यस सम्बन्धमा दोरम्बा शैलुङ्ग गाउँपालिका २ नं. वडा कार्यालयको च.नं. ११६७, मिति २०८०/१२/१२ गतेको पत्रबाटसमेत उल्लेखित कागजातहरुमा विरु तामाङ (Biru Tamang) र विनु तामाङनी (Binu Tamangani) भई नाम थर फरक परेको व्यक्ती फरक-फरक नभई एकै भएको भनी लेखी आएको हुँदा सोही व्यहोरा प्रमाणित गरिएको छ ।

**प्रमुख जिल्ला अधिकारी**

## Bangad kupinde Municipality
## Office of the Municipal Executive
**Devastal, Salyan**

## Invitation For Bids

**Invitation for Bids for procurement of Fabricated Steel Parts for Trail Bridges**

**Contract Identification No: BAKUNAPA/SQ/GOODS-29-2080/81**

**First Date of Publication: 2080/12/25**

1. Bangad kupinde Municipality Office of the Municipal executive Devasthal Salyan invites sealed Quatation from registered fabricators for supply of fabricated steel parts for following Trail Bridges. Detailed Evaluation and Qualification Criteria are provided in Section III of the Bid Documents.
2. Fabricators with experience of successfully completing fabrication and supply of steel parts for minimum five trail bridges within last five yearsare eligible for the bidding , Which are DoLI Listed . New fabricators may also apply in joint venture with an eligible fabricator having the required experience. However, bids of such fabricators shall be considered responsive only in case fabricators fulfill the minimum requirements.
3. Eligible Fabricator may obtain further information and inspect the bidding documents at Bangad kupinde Municipality Office of the Municipal executive Devasthal Salyan.
4. Bidding documents may be purchased from the Bangad kupende Municipality Office of the Municipal executive Devasthal Salyan by eligible Fabricator, on submission of a written application and upon payment of a non-refundable fee for bid documents, Company Registratiomn Certificate, VAT/PAN Registration and Tax Clearance Certificate Fy 2079/080, as mentioned in the following table, until the (last date of purchase of bidding document) 15 days from the first date of publication of this notice. Which is 2081/01/09.
5. Bids must be submitted to the Bangad kupinde Municipality Office Devasthal Salyan on or Before 2081/01/10.at 12:00 P.M.Documents received after this deadline shall not be accepted.
6. Bids will be opened in the presence of Fabricator' representatives who choose to attend at Office of the Municipal executive Debastal Salyan 14:00P.M.( 2081/01/10.). Bids must be valid for a period of 75 days after bid opening and must be accompanied by bid security, as mentioned on following table .
7. If bidder wishes to submit the Bid Security in the form of cash, bidder has to deposit cash in Deposit Dhaurauti Account No (06903000169 (Laxmi Sunrise Bank limited,Sallibazar Branch) deposit voucher along with the bid.
8. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
9. Pre-Bid Meeting shall be held at the office of The (Bangad kupende Municipality Office of the Municipal executive Devasthal Salyan)
10. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

| Contract ID no. | Description of Work (Fabrication Package) | Estimated Amount, NRs (Excluding VAT) | Bid Security Amount (Rs.) | Bid Document Fee |
|---|---|---|---|---|
| BAKUNAPA /SQ/GOODS-29-2080/81 | Fabrication of steel parts and transportation up to road heads of Chisapani Steel Truss Bridge | - | Rs 40000 | 1000 |

**Chief Administrative Officer**

## Re-Invitation for Online Sealed Quotations

## Sangurigadhi Rural Municipality
## Office of the Rural Municipal Executive
**Koshi Province, Dhankuta**

**Invitation for Online Sealed Quotations for the Construction of Wada No: 8 Road Clearance and Maintenance Works.**

**Contract Identification No: SRM/SQ/Works/06/2080/081**
**Date of publication: 2080/12/25 (2024/04/07)**

1. The Sangurigadhi Rural Municipality invites online sealed quotations for the construction of ward 8 of Road Clearance and Maintenance Works. The estimated amount for the works are as below Table.

| Contract ID | Descriptions | Estimated Amount (With VAT) NRs | Bid Doc. Fee NRs | Deadline for Bid submission | Bid Opening Date | Bid Security NRs |
|---|---|---|---|---|---|---|
| SRM/SQ/ Works/ 06/2080/081 | Construction Of Wada No: 8 Road Clearance and Road Maintenance works at different places. | 14,44,549.07 | 1000.00 | 12:00 Hrs of 22nd April, 2024 | 13:00 Hrs of 22nd April, 2024 | 41,000.00 |

2. Eligible Bidders may obtain further Information from PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder who submits their bid electronically may download the bidding documents from www.bolpatra.gov.np/egp till 12:00, 2081/01/10 (2024/04/22). Bidders, submitting their bid electronically, should deposit the cost of bidding document Fee as stated above in the following account.
   **Name of the Bank : Nabil Bank Ltd. Sangurigadhi, Dhankuta.**
   **Name of Office : Sangurigadhi Rural Municipality, Bhedetar, Dhankuta.**
   **Office Account No (Rajaswa Khata ). : 21101017500058**
4. Sealed bids must be submitted to the through www.bolpatra.gov.np/egp on or before 12:00 on 2081/01/10 (2024/04/22).Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00, 2081/01/10 (2024/04/22).The Office of Sangurigadhi Rural Municipality, Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of NRs. 41,000.00 which shall be valid for 30 days beyond the validity period of the bid.
6. Bid must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amount deposited at Dharauti Khata A/C No. 21101017500037 on the behalf of Sangurigadhi Rural Municipality at Nabil Bank Ltd, Sangurigadhi Branch. or
   Bidder who chooses to submit their bid security amount as Bid bond, the bid bond should be issued from authorized and recognized commercial bank or financial institution eligible to issue bank guarantee as per prevailing law of Nepal. A scan copy of bid bond is mandatory.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Bid should comply in all respects with the Instruction to Bidder included in the bid document no compliance with this instruction shall result in disqualification.
9. All the other condition of bidding process will be as per the public Procurement act 2063 and Public procurement regulation 2064 following all revision.
10. Sangurigadhi Rural Municipality reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**Chief Administrative Officer**

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७६/०५/१० मा दर्ता भएको **प्रा.लि. नं. २२२५४६/०७५/०७६** को **फुकाडो हेल्दी फुड्स प्रा.लि.** को मिति २०८०/०५/३१ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।
**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७, ठेगाना : बबरमहल, काठमाडौं फोन नं. ९७४६४९१७१३, ईमेल :** rokayasherbahadur723@gmail.com

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७३/०१/१० मा दर्ता कायम भएको **दिव्यश्वरी डेभलपर्स प्रा.लि. (प्रा.लि.नं. १४८२०७)** लाई खारेजी स्वेच्छिक खारेजी (लिक्विडेशन)मा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८०/१२/२४ गतेको बिशेष साधारणसभाको बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवं कोहि कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यलय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।
**लिक्वीडेटरः कुमार गुरुङ, इजाजत पत्र नं. ५२१, त्रिपुरेश्वर, काठमाडौं, ९८४१८६१६३०**

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०८०/१२/२५**

**सिद्धवती यूनिक इङ्गलिस बोर्डिङ्ग स्कूल उदयपुर प्रा.लि.** को मिति २०८०/१२/०६ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **मालिथम एकेडेमी उदयपुर प्रा.लि. (प्रा.लि. नं.: १४३६६९)** कायम गर्ने गरी मिति २०८०/१२/१९ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मितिः २०८०/१२/२५**

**स्टडीसिस कन्सल्ट दाङ प्रा.लि.**को मिति २०८०/१२/०६ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **स्टडिज कन्सल्ट दाङ प्रा.लि. (प्रा.लि. नं.: ३१४६६१)** कायम गर्ने गरी मिति २०८०/१२/१५ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# पर्यटन व्यवसायमा निजी क्षेत्र सक्रिय छ, तर सरकारको तयारी देखिएन

पछिल्लो समय पर्यटकको आगमनले नेपालको पर्यटन क्षेत्रमा उत्साह देखिएको छ । यससँगै काठमाडौंको दरबारमार्ग र ठमेल २४ सैं घण्टा खुलाउने योजना र पोखरालाई पर्यटनको राजधानी घोषणासँगै पर्यटन उद्यमीमा थप उर्जा थपिएको छ । सन् २०२३ मा १० लाख पर्यटक नेपाल आए भने २०२४ मा दोब्बर ल्याउने सरकारले घोषणा गरेको छ । पर्यटनमा सम्भावना देखेर पाँच तारे चेन होटलदेखि पर्यटकीय स्तरको होटलहरु धमाधम सञ्चालनमा आइरहेका छन् । अब पर्यटन उद्योगलाई थप विकास गर्न सरकार र निजी क्षेत्र कसरी अगाडि बढ्नु पर्छ भनेर होटल संघ नेपाल (हान) का अध्यक्ष **विनायक शाह**सँग मध्यान्हका **छबि सापकोटा**ले कुराकानी गरेका छन् ।



**विनायक शाह**, अध्यक्ष, होटल संघ नेपाल

### पर्यटकको आगमन बढ्दा पर्यटन क्षेत्र तंग्रिएको हो ?

पर्यटन क्षेत्र बहु-आयामिक क्षेत्र हो । एक जना पर्यटक आउँदा बित्तिकै सबै क्षेत्रमा फाइदा भइरहेको हुन्छ । होटल, रेष्टुरेण्ट, ट्राभल्स, ट्रेकिङदेखि स-सानो व्यवसायलाई समेत लाभ हुन्छ । कोभिड-१९ अघि कै अवस्थामा नेपालमा पर्यटकको आगमन भएको छ । पर्यटन क्षेत्रले लय समाएको देखिन्छ । पर्यटक त आएका छन् तर, उनीहरुले गर्ने खर्च भने बढ्न सकेको छैन । नेपालमा चीन र भारतबाट आउने पर्यटकको संख्यामा वृद्धि भएको छ, यसले आगामी दिनमा पर्यटन क्षेत्रको उज्वल भविष्य देखाएको छ । जसले गर्दा पछिल्ला दिनमा पर्यटन व्यवसायको क्षेत्रमा उत्साह थपेको छ ।

### पर्यटन व्यवसायको उत्साहलाई थप अगाडि बढाउन अब गर्नुपर्ने काम के देख्नुहुन्छ ?

पर्यटन क्षेत्रको विकास गर्ने हो भने सबैभन्दा पहिलो योजना नै चाहिन्छ । योजनाबद्ध तरिकाले सरकार र निजी क्षेत्र एक भएर अगाडि बढ्नुपर्छ । आगामी दिनमा हाम्रो गन्तव्य स्पष्ट भयो भने काम गर्न सहज हुन्छ । कोभिड पछाडि संसारभरी नै टुरिजम क्षेत्रलाई असर गरेकै हो । पर्यटकीय गन्तव्य भएका मुलुकहरुले पर्यटक भित्र्याउन नयाँ-नयाँ योजना, रणनीति, अफर र योजना बनाइरहेका छन् । अझैपनि सिमित मात्रामा मात्रै पर्यटकहरु घुम्नको लागि निस्किएका छन् । उनीहरुलाई आफनो देशमा कसरी आकर्षण गर्ने भन्ने नै प्रमुख कुरा हो । जुन देशले पर्यटकको लागि योजना, कार्यक्रम, रणनीति बनाउन सक्छन् पर्यटक त्यतै जान्छन् । सन् २०२३ मा १० लाख पर्यटक नेपाल आए । २०२४ को शुरुदेखि नै नेपालमा पर्यटकको आगमन राम्रै छ । यहि मार्चमा पनि एक लाख २८ हजार पर्यटक नेपाल आएका छन् । यो अहिलेसम्म कै रेकर्ड हो । अब आगामी दिनहरुको अवस्था हेर्दा अहिलेसम्म होटल क्षेत्रको बुकिङ समेत राम्रो छ । यसलाई कसरी संस्थागत गर्ने, कसरी बढाउने भन्ने प्रश्न छ । घुम्न निस्कने पर्यटकहरुले कुन देशमा पर्यटकलाई कस्तो सेवा सुविधा छ भनेर हेरिरहेका हुन्छन् ।

### सरकार र निजी क्षेत्रको भूमिका के हुनुपर्छ ?

निजी क्षेत्रले एक पछि अर्को पाँच तारे होटलदेखि पर्यटनमैत्री होटलमा लगानी बढाइरहेका छन् । २०२३ मा १० लाख पर्यटक नेपाल आएका छन् त्यो भन्दा तीन गुणा ३० लाख पर्यटकलाई सेवा, सुविधा दिन सक्ने क्षमता निजी क्षेत्रको होटलमा छ । नेपाल आएको पर्यटकलाई खाने, पिउने, बस्ने, मनोरञ्जन गर्न, सभा सम्मेलन गर्न समेत स्थान तथा सुविधा उपलब्ध गराउन निजी क्षेत्र सक्षम छ । हामी निजीले क्षेत्रले गर्ने लगानी र तयारी धेरै गरिसकेका छौं । अब सरकारको भूमिका धेरै नै देखिन्छ ।

पूर्वाधार, कनेक्टिभिटी, सडक सञ्जाल, एयरपोर्ट सञ्जाललाई व्यवस्थित बनाउन आवश्यक छ । पोखरा र भैरहवाको क्षेत्रीय अन्तर्राष्ट्रिय एयरपोर्ट तयार भयो, तर सञ्चालनको लागि गृहकार्य देखिएको छैन । अन्तर्राष्ट्रिय उडान छैन । पर्यटकको मुख्य डेस्टिनेसन पोखरा, चितवन, लुम्बिनी जाने बाटो हेर्दा बिजोक छ । अहिले स्तरउन्नतको काम भइरहेको देखिन्छ । बाटो ठूलो बन्दै छ, राम्रो हो तर, यति ढिलो काम भएको छ की काम सकिने बेलामा ३० प्रतिशत मात्र प्रगति छ । यसले के देखाउँछ भने सरकारले पूर्वाधार निर्माणमा थप जोड दिनुपर्छ ।

सरकारी संयन्त्र कमजोर हुँदा पर्यटन क्षेत्रले गति लिन सकेको छैन । अहिले पर्यटनबाट जति प्रतिफल प्राप्त छ त्यसलाई दोब्बर बनाउनेतर्फ ध्यान दिन जरुरी छ । सरकारले समेत यस वर्ष १० लाख पर्यटक आए अर्को वर्ष २० लाख पर्यटक भित्र्याउने सार्वजनिक रुपमा घोषणा गरेको छ । सरकारले लिएको लक्ष्यलाई साथ दिन होटल व्यवसाय क्षेत्र तत्पर छौं । सरकारले चालु आर्थिक वर्षको नीति कार्यक्रम बजेटमा २०२३-२०३२ सम्मलाई पर्यटन दशक भनेर समेत घोषणा गरेको छ । त्यसमा एक वर्ष समय बितिसकेको छ तर, सरकारको तयारी देखिँदैन । निजी क्षेत्र उत्साहित हुँदा सरकारका तीनै तहको एक अर्कामा समन्वयकारी भूमिका हुन सकेको छैन । अब आउँदो बजेटले पर्यटन क्षेत्रलाई हेर्ने दृष्टिकोण राम्रो बनेमात्रै पर्यटनबाट पाउने प्रतिफल अहिलेको भन्दा दोब्बर हुन्छ ।

### चीन र भारतबाट पर्यटक बढी आएका छन् । अझै बढी भन्दा बढी पर्यटक भित्र्याउन के गर्नुपर्छ ?

हामी चीन र भारतको बिचमा छौं । कोभिड भन्दा अघि चीनबाट मात्रै २० करोड पर्यटक घुम्न निस्केका थिए भने भारतबाट समेत १० करोड पर्यटक विभिन्न मुलुक घुम्न निस्केका थिए । यसरी हेर्दा हामी ३० करोड घुम्ने पर्यटकको बिचमा छौं । ३० करोड मध्ये एक प्रतिशत मात्र नेपालमा पर्यटक आउने हो भने नेपालले केही गर्नै पर्दैन । त्यो सम्भव पनि छ । दुवै देशसँग नजिक हामी छौं । नयाँ बनेको भैरहवा र पोखरा विमानस्थलबाट दुवै देशमा उडान विस्तार गर्ने बित्तिकै पर्यटकको आगमन ह्वात्तै बढ्छ । यसमा सरकारको गृहकार्य पुग्न सकेन । आजदेखि शुरु गर्नसकेमा छ महिनामा नतिजा आउन सक्छ । तर, खै त तयारी ?

### पछिल्लो समयमा पाँचतारे होटलदेखि पर्यटकस्तरीय होटल थपिएका छन्, यसले के संकेत गर्छ ?

निजी क्षेत्र, विशेषगरी होटल क्षेत्रका लगानीकर्ता धेरै नै आशावादी छौं । अहिले जसरी होटल बनेका छन्, सानो लगानी होइन । पाँचतारे होटलमा अर्बौंको लगानी भएको छ । अर्बौं लगानी गर्ने लगानीकर्ताले भविष्य देखेर नै लगानी गरेका हुन् । चीन र भारतको बीचमा हामी छौं । दुवै देश तीव्र आर्थिक विकासमा अग्रसर छन् । दुवै देशमा घुम्न जाने र खर्च गर्न सक्ने ठूलो संख्या छ । त्यहाँबाट ठूलो संख्यामा पर्यटक ल्याउने योजना मात्र बनाउन सक्ने हो भने देशैभरको पर्यटन व्यवसाय फस्टाउन सक्छ । पूर्वाधार निर्माण हुने बित्तिकै हामीलाई पर्यटक ल्याउन कठिन छैन । नेपालमा आएर सगरमाथा चढ्ने, हिमाल हेर्ने, र्‍याफ्टिङ गर्ने जमात धेरै नै छ । यस्तै आन्तरिक पर्यटकको संख्या समेत अहिले बढ्दै गएको देखिन्छ । समस्या हाम्रो देश राजनीतिमा बढी तर, अर्थनीतिमा ध्यान निकै कम छ । एक रथको दुई पाङ्ग्रा राजनीति र अर्थनीति हुन् । अहिले राजनीति मात्र अगाडि बढेको छ अर्थनीति चल्न सकेको छैन ।

### होटल क्षेत्रमा लक्जरीको कर हटाउने माग गर्दै आउनुभएको छ, सो करले पर्यटन क्षेत्रलाई के असर गर्छ ?

होटल क्षेत्रमा १३ प्रतिशत कर त थियो नै, थप दुई प्रतिशत लक्जरी कर थपिएको छ । लक्जरी करले देशलाई नै बदनाम गराएको छ । अरु देशहरुले छुट दिइरहेका छन् । नेपालले थप दुई प्रतिशत लक्जरी कर किन लगाएको होला ? नेपाल आउने पर्यटकलाई समेत बुझाउन नसक्ने अवस्था छ । कोभिडबाट ग्रसित होटल व्यवसायलाई लक्जरी करको कारण झनै मार परिरहेको छ । सरकारलाई राजस्व चाहिन्छ तर, के मा कर लगाउँदा के हुन्छ भन्ने समेत अध्ययन छैन । कर थप्ने भन्दा पनि बढी भन्दा बढी पर्यटक ल्याउनेतर्फ हामी जुट्नु पर्ने हो । थप करले पर्यटक आगमनको ढोका लगाउने काम भएको देखिन्छ । थप कर पर्यटनमैत्री छैन । आगामी बजेटले होटल क्षेत्रको लक्जरी कर हटाउनु नै पर्छ ।

## वर्णवास म्युजियम होटलमा फेसन डिजाइनर क्रिस्टिना पहिलो पाहुना

**कृष्णानन्द भट्ट/मध्यान्ह**
काठमाडौं, २४ चैत ।

वर्णवास म्युजियम होटलको पहिलो पाहुना अन्तर्राष्ट्रिय ख्यातिप्राप्त फेसन डिजाइनर क्रिस्टिना विटोरिया एगर बनेकी छन् । फेब्रुअरी १ बाट सञ्चालनमा आएको सो होटलमा विश्वप्रसिद्ध ब्रान्ड भर्साचेका डिजाइनर हेडसमेत रहेकी क्रिस्टिना काठमाडौं आउँदा पहिलो पाहुना बनेकी हुन् ।

नेपालको प्रसिद्ध क्लोथिङ ब्रान्ड कासाले क्रिस्टिनालाई नेपाल भित्र्याएको थियो । कासाले आयोजना गरेको फेसन डिजाइन सम्बन्धी विशेष कार्यशालामा उनी आएकी थिइन । इटालियन फेसन डिजाइनर क्रिस्टिनाले नेपाल आएसँगै वर्णवास म्युजियम होटलमा गरिएको स्वागत सत्कारलाई आफ्नो इन्स्टाग्राममा पोस्ट्याउँदै न्यानो आतिथ्यका लागि धन्यवाद समेत दिएकी थिईन् । होटलले पञ्चैबाजासहित उनलाई स्वागत गरेको थियो ।

प्रतिनिधिसभा सदस्यसमेत रहेका पर्यटन व्यवसायी राजेन्द्र बजगाईंले एक अर्ब बढी लगानीमा गैरीधारामा वर्णवास म्युजिम होटल सञ्चालनमा ल्याएका हुन् । नेपालको मौलिकता र सांस्कृतिक सम्पदाको झल्को दिनेगरी होटलभित्र इन्टेरियर डिजाइन तयार गरिएको छ ।



करिब दुई रोपनी क्षेत्रफलमा साढे नौ तले लक्जरी बुटिक होटलमा १८ वटा प्राइभेट ज्याकुजी रहेका छन् । होटलमा रहेका कोठाहरुमध्ये सबैभन्दा ठूलो ६० वर्गमिटरको छ । यो साईजको कोठा प्रत्येक तलामा एक-एक वटा रहेका छन् । अरु कोठाहरुको साईज भने ४० देखि ३४ वर्गमिटरको छन् ।

सो होटलभित्र नेपालका विभिन्न जातजातिको संस्कृति झल्किने खाले भेषभूषा र ग्यालरी राखिएको छ । साढे नौ तलाको होटललाई तीन तहमा विभाजन गरिएको छ । हिमाल, पहाड र तराई गरी सिंगो नेपाललाई चित्रित गरिएको छ । भवनको टुप्पो अर्थात् माथिल्लो भाग रुफटपमा सगरमाथा हिमालको आकृति बनाइएको छ । वर्णवासमा प्रवेश गर्ने बित्तिकै काठमाडौं उपत्यका, त्यसमा पनि नेवारी समुदायको संस्कृति झल्कने खालको आर्ट देख्न पाइन्छ ।

'लभी र प्री-फंग्सनमा आर्ट ग्यालरी रहेको छ', सञ्चालक बजगाईंले भने, 'होटलमा प्रवेश गर्ने बित्तिकै काठमाडौं उपत्यका भित्रका संस्कृति झल्किने आर्ट देख्न सकिन्छ, होटलभित्र घुम्दा नेपालको सभ्यता झल्कियोस् भन्ने अवधारणा हो ।'

होटलमा रुफटप रहेको सगरमाथा र लोत्से हिमालको बीचबाट छुट्टिएर सगरमाथा आरोहणका लागि जाने ठाउँ साउथ कोलको नामबाट 'साउथ कोल बार' सञ्चालन गरिएको छ । होटलमा ओभर लुकिङ स्विमिङ पुल पनि बनाइएको छ, जसलाई 'गोक्यो स्विमिङ पुल' नाम दिइएको छ ।

## केएनपी नेरोलेकको दुई नयाँ पेन्ट सार्वजनिक

**काठमाडौं/मस** - जापानको पेन्ट केएनपी नेरोलेकले दुई नयाँ पेन्ट सार्वजनिक गरेको छ । कम्पनीले नेपालमा दुई नयाँ पेन्ट एक्सेल इभरलास्ट १२ र इम्प्रेसनस इको क्लिन सार्वजनिक गरेको हो । नयाँ पेन्ट एक्सेल इभरलास्ट १२ पेन्ट एक्सटेरिरो (बाहिरको लागि) र इम्प्रेसनस इको क्लिन पेन्ट इन्टेरिरो (घरको भित्रीको लागि) लगाउन मिल्छ । यी दुवै पेन्टमा 'सुपर रिच प्रपर्टिज' र हानिकारक किटाणु प्रतिरोधी लगायतका थुप्रै बिशेषताहरु रहेका छन् । सार्वजनिक गरिएका दुई पेन्टहरु मध्ये 'एक्सेल इभरलास्ट १२' मा १२ वर्ष सम्मको वारेन्टी दिइएको छ । त्यस्तै, 'इम्प्रेसनस इको क्लिन' पेन्टमा 'सुपर लक्जरी फिनिश' र वातावरणलाई असर गर्ने कुनै रसायन नभएको र हानिकारक गन्धपनि नआउने हुनाले, घरभित्र लगाउन सो पेन्ट अत्यन्तै सुरक्षित रहेको कम्पनीले जनाएको छ ।

## भूमिगत जलभण्डारको संरक्षण गरौं

- अव्यवस्थित शहरीकरण र औद्योगीकरणले जमिनमुनिको पानीको सतह घटिरहेको,
- स्वच्छ पिउने पानीको अभाव र वातावरण प्रदुषण बढेको,
- खेतियोग्य जमिनमा सिंचाई हुन नसकेको र कृषि उत्पादन घटेकोले:

भूमिगत जलस्रोतको पुनर्भरणका लागि:

- जलाधार क्षेत्रको संरक्षण गरौं,
- ग्रामीण भेगमा आहाल, पोखरी र तालतलैयाको निर्माण गरौं,
- शहरी क्षेत्रमा वर्षातको पानीमार्फत पुनर्भरणको विकल्प सहितका पूर्वाधार निर्माण गरौ,
- पानी पुनर्भरणमा सहयोग गर्ने प्रजातिका बोटविरुवा रोपौ,
- द्रुत जलप्रवाह हुने स्थानमा चेक ड्याम लगायतका नवीन प्रविधिको प्रयोग गरौं,
- भूमिगत पानीको पुनर्भरण कार्यलाई प्रोत्साहन गरी जल भण्डारणमा वृद्धि गरौं।

दिगो विकासमा योगदान गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## छिमेक लघुवित्तद्वारा बीमा दाबी रकम भुक्तानी

**सन्तोष पौडेल/मध्यान्ह**
बर्दिया, २४ चैत

छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड शाखा कार्यालय मगरागाडीले मृतक सदस्यका घर परिवारलाई बीमा रकम भुक्तानी गरेको छ । बर्दिया जिल्ला बारबर्दिया नगरपालिका वडा नम्बर २, जितपुर स्थायी बसोबास गर्दै आएका हरिराम थारुको मृत्यु पश्चात उनकी श्रीमती झिन्गिया थरुनीलाई बीमा बापतको क्षतिपुर्ति रकम उपलब्ध गराएको हो ।

थरुनीले संस्थाबाट बाखापालन व्यवसाय गर्न चार लाख ५० हजार कर्जा लिएकोमा श्रीमानको मृत्यु पश्चात संस्थाको नियमानुसार कर्जाको ५० प्रतिशत दाबी भुक्तानी दुई लाख २५ हजार उपलब्ध गराएको हो । साथै, दाहसंस्कार बापत कर्जाको पाँच प्रतिशत रकम ११ हजार दुई सय ५० पनि थप उपलब्ध गराएको शाखा प्रबन्धक सन्तोष नेपालीले बताए ।

यस्तै, बारबर्दिया नगरपालिका वडा नम्बर १०, सिमरहवाका मनकुमारी थारुले धानखेतीको लागि पाँच लाख बराबरको कर्जा लिएकोमा उनका श्रीमान आशाराम थारुको मृत्यु पश्चात संस्थाले नियमानुसार क्षतिपूर्ति उपलब्ध गराएको छ । संस्थाले श्रीमती मनकुमारीलाई बीमा बापतको क्षतिपूर्ति रकम दुई लाख ६२ हजार पाँच सय उपलब्ध गराएको छ ।



त्यसैगरी सोही पालिकाको वडा नम्बर २, पचघरुवा शोभा कुमारी थारुले तरकारी खेतीको लागि दुई लाख रुपैयाँ कर्जा लिएकोमा उनकै मृत्यु भएकाले संस्थाले उनको श्रीमान बिनोद चौधरीलाई बीमा बापतको क्षतिपुर्ति रकम दुई लाख उपलब्ध गराएको छ ।

Government of Nepal
## Shivasatakshi Municipality
## Office of the Municipal Executive
Jhapa, Nepal

### Invitation for Bids

**Invitation for Bids No: 25/SM/NCB/Road/2080/081**
**Date of publication:2024/04/07 (2080/12/25)**

1. Shivasatakshi Municipality invites electronic bids from Nepalese eligible bidders for the Construction and laying of gravel at different road in ward no 3 under National Competitive Bidding procedures.

| Contract Identification No | Name of Procurement | Estimated Amount (without VAT & oQtLQJHQFLHV) | Bid Document Fee (NRs.) | Bid Security (NRs) |
|---|---|---|---|---|
| 25/SM/NCB/ Road/2080/081 | Construction and Laying of Gravel at Different Road in Ward No:-3, Shivasatakshi Municipality | 37,02,147.27 | 3000.00 | 120,000.00 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Shivasatakshi Municipality, Jhapa, Phone No: 023470323 or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder must download the bidding documents for e-submission from PPMO's WebSite www.bolpatra.gov.np./egp,. Bidders must submit their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank : Name of the Bank: Nepal Investment Mega Bank Nepal Ltd, Byangdada Branch
   Name of the Office : Shivasatakshi Municipality
   Office Account no. (Rajaswa Khata) : 29601400000017
4. Pre-bid meeting shall be held at 2024/04/28 (2081/01/16) at 8.00 A.M. on Technical Department of Shivasatakshi Municipality.
5. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before 12.00 P.M. on 2024/05/07 (2081/01/25). Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2.00 P.M. on 2024/05/07 (2081/01/25) at the office of Chief Executive Officer of Shivastakshi Municipality. Bids must be valid for a period of 90 Days after bid opening and must be accompanied by scanned copy of the bid security in.pdf format, which must be deposited to Dharauti Account No : 29601400000048 on the be half of Shivasatakshi Municipality at Nepal Investment Mega Bank Limited, Byangdada Branch amounting to a minimum of as stated above in bullet no 1, or bid bond authorized from are cognized "A" class commercialor financial institution eligible to issue bank guarantee as per prevailing law of Nepal. The Bid security amount stated above shall be valid for 30 days beyond the validity period.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
8. Shivasatakshi Municipality reserve the right to accept or reject, wholly or partly any or all the bidswithout assigning reason, whatsoever.

**Chief Administrative Officer**

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**